म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १५ अंक १४९ बुधबार, ३० पुस २०८२ ने. सं. ११४६ पोहेलाथ्व 14 January 2026 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## क्षिरसागरको १२ औं साधारणसभा सम्पन्न

हेटौंडा, २९ पुस/हेटौंडा उपमहानगरपालिका-११ डाङडुङेमा रहेको क्षिरसागर दुग्ध उत्पादक सहकारी संस्था लिमिटेडको १२ औं वार्षिक साधारण सभा मंगलबार सम्पन्न भएको छ । संस्थाका अध्यक्ष शालिकराम पुडासैनीको अध्यक्षतामा एवम् हेटौंडा उपमहानगरपालिका-११ की वडाध्यक्ष जुना दाहालको प्रमुख आतिथ्यतामा साधारणसभा भएको हो । १२७ जना शेयर सदस्य आबद्ध सहकारीको शेयरपुँजी ५ लाख ६९ हजार ९ सय रुपैयाँ रहेको सहकारीको प्रतिवेदनमा उल्लेख छ । सहकारीले आर्थिक वर्ष २०८१/८२ मा २ करोड २५ लाख ९ हजार ७ सय ५८ रुपैयाँ बराबरको कारोबार गरेको छ । संस्थाका व्यवस्थापक देवकुमार श्रेष्ठका अनुसार आर्थिक वर्ष २०८१/८२ मा सहकारीले २ लाख २९ हजार ४ सय ९१ लिटर दूध संकलन गरी विक्री गरेको छ । साधारणसभामा नियमित दूध खरिद गर्ने र गुणस्तर दूध विक्री गर्ने किसानलाई सम्मान गरेको छ । नियमित रुपमा दुध खरिद गर्नेमा रमा श्रेष्ठ, उत्तमप्रसाद पण्डित, शेखर मैनाली, नवराज अर्याल, सुवास ढकाल, खमबहादुर जर्गा, जच्चु चौधरी र दिलकुमारी आलेमगर रहेका छन् । कार्यक्रममा संस्थाका अध्यक्ष पुडासैनीले वार्षिक प्रतिवेदन तथा लेखा समितिका संयोजक कृष्णप्रसाद खनालले लेखा प्रतिवेदन प्रस्तुत गरेका थिए ।

### पाँच वटा भ्युटावर पालिका र सामुदायिक वनलाई जिम्मा

# ६ वटा अझै हस्तान्तरणको पखाईमा

साझाकुरा संवाददाता



हेटौंडा, २९ पुस/ बागमती प्रदेश सरकारको लगानीमा २०७६ सालदेखि निर्माण सुरु गरेको ११ भ्यूटावरमध्ये ५ वटा हस्तान्तरण गरिएको छ ।

मकवानपुर, नुवाकोट, दोलखा र सिन्धुपाल्चोकमा निर्माण भएका ४ वटा भ्यूटावर सम्बन्धित स्थानीय तह र एउटा सामुदायिक वन समितिलाई सञ्चालनको जिम्मा लगाइएको प्रदेशको संस्कृति तथा पर्यटन मन्त्रालयले जानकारी दिएको छ । पर्यटन पूर्वाधार हस्तान्तरण तथा सञ्चालन कार्यविधि-२०८१ अनुसार स्थानीय तहलाई वा स्थानीय तहले सिफारिस गरेका निकायलाई हस्तान्तरण गर्नसक्ने व्यवस्थालाई टेकेर मन्त्रालयले ४ पालिका र एक सामुदायिक वनलाई भ्यू टावर दिएको हो ।

मकवानपुरको चित्लाङ हिलस्टेसन, नुवाकोटको ककनी र चिम्टेश्वरस्थित भ्यूटावरसहित वनबगैंचा पार्क, दोलखाको शैलुङमा निर्मित गोलघर सहितको बगैंचा, मनोरञ्जन पार्क र सिन्धुपाल्चोकको मुडे हिलस्टेसन सञ्चालन गर्न हस्तान्तरण गरिसकिएको मन्त्रालयका सचिव दीपेन्द्र सुवेदीले जानकारी दिए । २०७६ र २०७८ सालमा दुईचरणमा गरी निर्माण सम्झौता गरिएको मकवानपुरको चित्लाङ हिलस्टेसन ५ करोड २७ लाख ४७ हजार ८५२ रुपैयाँमा (मूल्य समायोजन सहित) बनेको हो ।

काठमाडौं उपत्यकासमेत दृश्यावलोकन गर्न सकिने यो भ्यूटावर थाहा नगरपालिकालाई हस्तान्तरण गरिएको छ । २०७७ सालमा सम्झौता भएर २ करोड ३६ लाख ५४ हजार ३१८ रुपैयाँमा निर्माण भएको शैलुङ भ्यूटावर शैलुङ गाउँपालिकालाई हस्तान्तरण गरिएको छ । २०७६ र २०७८ सालमा सम्झौता भई दुई चरणमा गरेर ५ करोड ८८ लाख ८६ हजार ८५ रुपैयाँमा बनेको नुवाकोटको ककनी हिलस्टेसन ककनी गाउँपालिकाको जिम्मा लगाइएको मन्त्रालयका सचिव सुवेदीले जानकारी दिए ।

नुवाकोटकै चिम्टेश्वरमा निर्मित भ्यूटावर बेलकोटगढी नगरपालिकाको जिम्मा लगाइएको मन्त्रालयले जनाएको छ । २ करोड ७४ लाख ३८ हजार ७६८ रुपैयाँ लागतमा निर्मित यो भ्यूटावर २०७७ सालबाट निर्माण सुरु गरिएको थियो । यसैगरी, सिन्धुपाल्चोकमा अवस्थित मुडे हिलस्टेसन स्थानीय मूलखर्क सामुदायिक वनलाई हस्तान्तरण गरिएको छ । २०७८ बाट निर्माण थालिएको मुडे हिलस्टेसन दुईचरणमा गरेर ५ करोड ५० लाख ९५ हजार ८३४ रुपैयाँमा निर्माण गरिएको पर्यटन मन्त्रालयले जानकारी दिएको छ ।

मन्त्रालयका सचिव सुवेदीका अनुसार सम्बन्धित पालिकाले भ्यूटावर सञ्चालनको ठेक्का लगाउने छन् । कार्यविधिले व्यवस्था गरेअनुसार पर्यटकबाट प्राप्त राजस्व ७० प्रतिशत सम्बन्धित पालिकालाई र ३० प्रतिशत प्रदेश सरकारलाई बाँडफाँट हुने उनले बताए ।

मन्त्रालयले निर्माण भइसकेको भ्यूटावर विगत लामो समयदेखि सञ्चालनमा ल्याउन नसक्दा राजस्व गुमिरहेको थियो ।

**हस्तान्तरणको पर्खाइमा अझै ६ वटा भ्यूटावर**

बागमती प्रदेशका ८ जिल्लामा निर्माण गरिएका ११ वटा भ्यूटावरमध्ये अझै ६ वटा हस्तान्तण गर्न बाँकी छ । निर्माण भइसकेका ६ वटा भ्यूटावर सञ्चालनमै नआई मर्मतसम्भार गर्नुपर्ने अवस्थामा पुगेको सचिव सुवेदीले बताए । 'बाँकी ६ वटा भ्यूटावर मर्मतसम्भार गर्नुपर्ने अवस्थामा छन् । मन्त्रालयले प्राविधिक टोली खटाएका छौं । त्यसपछि मात्रै हस्तान्तरण गर्छौं,' उनले भने ।

हस्तान्तरण भइसकेका मकवानपुर, नुवाकोट, सिन्धुपाल्चोक र दोलखा बाहेक काभ्रे, रामेछाप, सिन्धुली र धादिङमा निर्माण गरिएका भ्यूटावर सञ्चालनमा आउन नसकेको हो । ३२ करोड ८४ लाख ३ हजार ३३९ रुपैयाँ बजेटबाट ११ वटा भ्यूटावर बनाइएको हो । काभ्रेको रोशी गाउँपालिकास्थित रोशी भूमिचुलीमा २ करोड ६१ लाख २३ हजार ४६५ रुपैयाँको लागतमा भ्यूटावर र पदमार्ग निर्माण गरिएको छ । धादिङको धुनिबेसी नगरपालिकाको तोप्लाङमा २ करोड १८ लाख ८९ हजार ६६९ रुपैयाँमा भ्यू टावर र शौचालय तथा दोलखाको जिरी नगरपालिकामा २ करोड ६४ लाख ३४ हजार ९९६ रुपैयाँको लागतमा भ्यूटावर र सभाहल निर्माण भएका छन् ।

रामेछापको गोगनपानी सुलीथुम्का खाँडादेवी गाउँपालिका-५ मा दुईचरणमा गरी ३ करोड २० लाख ६० हजार ८५१ रुपैयाँमा र सिन्धुलीको कमलामाई नगरपालिकाको सिद्धबाबा चुचुरोमा पनि दुईचरणमै गरेर २ करोड ६० लाख ८ हजार ३१० रुपैयाँमा भ्यूटावरसहित पदमार्ग, शौचालय लगायतका संरचना निर्माण भएको मन्त्रालयले जनाएको छ । सिन्धुलीकै सिन्धुलीगढी हिलस्टेसन (बहुउद्देश्यीय भवन र बगैंचा) २ करोड ४७ लाख ६७ हजार ४६१ रुपैयाँमा निर्माण भएको हो ।

# मकवानपुरका १९ मतदानस्थल अति संवेदनशील सूचीमा

साझाकुरा संवाददाता



हेटौंडा, २९ पुस/ आगामी फागुन २१ गते हुन लागेको प्रतिनिधिसभा निर्वाचनलाई लक्षित गर्दै मकवानपुर जिल्लाका १९ मतदानस्थललाई अति संवेदनशील सूचिमा राखिएको छ ।

सुरक्षा संवेदनशीलताको आधारमा जिल्लाका १० स्थानीय तहमध्ये ६ स्थानीय तहमा रहेका मतदानस्थल अति संवेदनशीलको सूचीमा परेका हुन् । जिल्लाभर रहेका कुल १ सय ६७ मतदानस्थल मध्ये १९ वटा अति संवेदनशील, ६० वटा संवेदनशील र ८८ वटा सामान्य श्रेणीमा राखिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ । मकवानपुरका प्रहरीप्रवक्ता पुष्कर बोगटीका अनुसार अति संवेदनशील सूचीमा परेका मतदान स्थलमा २६ मतदान केन्द्र रहेका छन् ।

सबैभन्दा धेरै बकैया गाउँपालिकामा ५ मतदानस्थल र ७ मतदान केन्द्र अति संवेदनशील सूचीमा रहेका छन् । त्यस्तै, राक्सिराङ गाउँपालिकामा ६ मतदानस्थल र ६ मतदान केन्द्र, बागमती गाउँपालिकामा ५ मतदानस्थल र ६ मतदान केन्द्र, भीमफेदी गाउँपालिकामा १ मतदानस्थल र ३ मतदान केन्द्र, मनहरी गाउँपालिकामा १ मतदानस्थल र ३ मतदान केन्द्र तथा कैलाश गाउँपालिकामा १ मतदानस्थल र १ मतदान केन्द्र अति संवेदनशील मानिएको छ ।

यसैगरी, जिल्लामा ६० मतदानस्थल र १ सय २३ मतदान केन्द्र संवेदनशील सूचीमा राखिएका छन् । संवेदनशील मतदानस्थलमा हेटौंडा उपमहानगरका ७ मतदानस्थल र ३१ मतदान केन्द्र, थाहा नगरका ९ मतदानस्थल र १७ मतदान केन्द्र, राक्सिराङ गाउँपालिका १३ मतदानस्थल र १७ मतदान केन्द्र, बकैया गाउँपालिका ८ मतदानस्थल र १५ मतदान केन्द्र तथा बागमती गाउँपालिका ७ मतदानस्थल र १७ मतदान केन्द्र रहेका छन् ।

त्यसैगरी, मकवानपुर गढी गाउँपालिका ४ मतदानस्थल र ७ मतदान केन्द्र, इन्द्रसरोवर गाउँपालिका २ मतदानस्थल र २ मतदान केन्द्र, भीमफेदी गाउँपालिका ४ मतदानस्थल र ४ मतदान केन्द्र, कैलाश गाउँपालिका ३ मतदानस्थल र ५ मतदान केन्द्र तथा मनहरी गाउँपालिका ३ मतदानस्थल र ८ मतदान केन्द्र पनि संवेदनशील सूचीमा परेका छन् । प्रतिनिधि सभाअन्तर्गत दुई निर्वाचन क्षेत्र रहेको मकवानपुरमा कुल १ सय ६७ मतदानस्थल र ३ सय ७४ मतदान केन्द्र तोकिएका छन् ।

निर्वाचन क्षेत्र नम्बर १ मा ६२ मतदानस्थल र १ सय ७८ मतदान केन्द्र तथा निर्वाचन क्षेत्र नम्बर २ मा १ सय ५ मतदानस्थल र १ सय ९६ मतदान केन्द्र रहेका छन् ।

# सडक विस्तारसम्बन्धी मुद्दा मंगलबार पनि हेर्न नभ्याइने सूचीमा



साझाकुरा संवाददाता

हेटौंडा, २९ पुस/ सर्वोच्च अदालतमा हेटौंडा बजार क्षेत्रको सडक विस्तारसम्बन्धी मुद्दा मंगलबार पनि हेर्न नभ्याइने सूचीमा परेको छ ।

रास्वपा नेतृ एवं पूर्वसांसद विन्दवासिनी कंसकारसहित ६ जनाले रिट दायर गरेका थिए । यो रिट मंगलबार सर्वोच्चका न्यायाधीशद्वय नहकुल सुवेदी र टेकप्रसाद ढुंगानाको संयुक्त इजलासमा सुनुवाइका लागि पेसी तोकिएको थियो ।

डिभिजन सडक कार्यालय हेटौंडा, हेटौंडा उपमहानगरपालिका, जिल्ला प्रशासन कार्यालय मकवानपुर लगायत निकायले सडक विस्तार गर्ने प्रक्रिया अघि बढाएपछि सम्पत्तिको अधिकार र मुआब्जाको माग गर्दै मंसिर १६ मा स्थानीयले सर्वोच्चमा रिट दायर गर्न पुगेका थिए ।

सडक विभाग, सहरी विकास मन्त्रालय र भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई समेत विपक्षी बनाएर दायर गरेको रिटमा सर्वोच्चले मंसिर १९ गते अल्पकालीन अन्तरिम आदेश जारी गरेको थियो । यो मुद्दामा मंसिर २६ मा पेसी तोक्दै न्यायाधीश मेघराज पोखरेलको इजलासले विपक्षीका नाममा कारण देखाऊ आदेश जारी गर्दै अल्पकालीन अन्तरिम आदेश दिएको थियो । मंसिर २६ गते न्यायाधीश कुमार रेग्मी र महेश शर्मा पौडेलको इजलासले अन्य आदेशको 'मिसिल झिकाउने आदेश' जारी गरेको थियो ।

### सिद्धार्थ माविले स्वर्ण जयन्ती मनाउने

# अबको दशक प्रविधिमैत्री शिक्षाको




साझाकुरा संवाददाता

हेटौंडा, २९ पुस/ हेटौंडा-२ स्थित सिद्धार्थ माध्यमिक विद्यालयले स्थापना भएको ५० वर्ष पूरा भएको अवसरमा विविध कार्यक्रम सहित स्वर्ण जयन्ती मनाउने भएको छ ।

पुस २४ गतेदेखि सुरु भएका कार्यक्रम माघ ८ गतेसम्म सञ्चालन हुने मंगलबार आयोजित पत्रकार सम्मेलनमा जानकारी गराइएको हो । स्वर्ण महोत्सवकै अवसरमा पुस २४ र २५ गते दुईदिने आँखा शिविर र पुस २८ गते दन्त शिविर आयोजना गरिएको थियो । माघ २ गते विद्यालय परिसर सरसफाइ, माघ ३ गते बिहान रक्तदान कार्यक्रम तथा शैक्षिक सामग्री प्रदर्शनी आयोजना गरिने विद्यालयका प्रधानाध्यापक परमानन्द सरोज कर्णले जानकारी दिएका छन् । स्वर्ण महोत्सवको मुख्य कार्यक्रम माघ ४ गते आयोजना हुनेछ ।

बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले महोत्सवको उद्घाटन गर्ने कार्यतालिका रहेको छ । झाँकीसहित ऱ्याली निकालिनेछ । सोहीदिन स्वर्णस्तम्भ अनावरण, स्मारिका लोकार्पण तथा सम्मान कार्यक्रमसमेत गरिने विद्यालयले जनाएको छ । माघ ५ गते पूर्वविद्यार्थी भेला तथा विविध अतिरिक्त कार्यक्रम सञ्चालन हुनेछन् । माघ ६ गते नगरस्तरीय अन्तरविद्यालय हाजिरीजवाफ प्रतियोगिता आयोजना गरिनेछ ।

माघ ७ गते वृहत् सांस्कृतिक कार्यक्रमसहित शैक्षिक तथा खेलकुद पुरस्कार वितरण गरिनेछ भने माघ ८ गते हेटौंडा उपमहानगरप्रमुख मीनाकुमारी लामाको प्रमुख आतिथ्यतामा समापन गरिनेछ । सो अवसरमा सम्मान तथा पुरस्कार वितरणलगायत कार्यक्रम हुने बताइएको छ । वि.सं. २०२७ सालमा 'सिद्धार्थ प्राइमरी बोर्डिङ स्कुल' का रुपमा स्थापना भएको यस विद्यालय वि.सं. २०३२ सालदेखि सिद्धार्थ प्राथमिक विद्यालयका रुपमा सञ्चालनमा आएको थियो । वि.सं. २०६४ सालमा खुला विद्यालयअन्तर्गत कक्षा १० सञ्चालनको अनुमति पाएको विद्यालयले वि.सं. २०६५ सालमा उच्चमाध्यमिक शिक्षा परिषद्बाट कक्षा ११ र १२ सञ्चालनको स्वीकृति प्राप्त गरेको थियो ।

हाल विद्यालयमा कानून, व्यवस्थापन र शिक्षा समूहमा विहानीसत्रमा पठनपाठन भइरहेको छ । वि.सं. २०७८ सालमा बागमती प्रदेश सरकारबाट 'बिग स्कुल' का रुपमा छनोट भएको यस विद्यालयमा इमिस अभिलेखअनुसार हाल २ हजार ३ सय ७१ जना विद्यार्थी अध्ययनरत छन् । विद्यालयले स्वर्ण जयन्तीपछिको दशकलाई प्रविधिमैत्री शिक्षाको दशकका रुपमा विकास गर्ने लक्ष्य लिएको छ । विद्यालयमा हाल सरकारी अनुदानतर्फ ४२ र निजीश्रोतबाट ३५ जना गरी कुल ७७ जना जनशक्ति छन् ।




## काठमाडौं टप टेलर्स
### अब टीसीएन रोडमा...

विगत लामो समयदेखि मेनरोड बुद्धचोकमा रहेर तपाईंको सेवामा समर्पित **काठमाडौं टप टेलर्स** अब हेटौंडा-१० सीमा चोकबाट टीसीएन रोडतर्फ दुईसय मिटर पश्चिम दायाँतर्फ बर्जर पेन्टको डिलरसंगै सरेको जानकारी गराउँदछौं ।

प्रो. विष्णुलाल महर्जन
९८४५०२२६५५

साझाकुरा

## हाम्रो कुरा

# गरिबी पालिका राक्सिराङ

केहीवर्ष अघिसम्म ओढारमा बसोबास गर्दै आएका राक्सिराङबासी हिजोआज ओढारबाट घरभित्र सरेका छन् तर, गरिबी भने उस्तै देखिएको छ । मकवानपुरको दुर्गम राक्सिराङ गाउँपालिकामा बसोबास गर्ने करिव ६६ प्रतिशत बासिन्दा गरिबीको रेखामूनि रहेको तथ्यांक सार्वजनिक भएको छ । राष्ट्रिय तथ्यांक कार्यालयले सार्वजनिक गरेको 'गरिबीको लघुक्षेत्र अनुमान-०८२' को प्रतिवेदनमा मुलुकमा सबैभन्दा बढी गरिबी दर भएका १० स्थानीय तहमध्ये राक्सिराङ छैठौं स्थानमा परेको छ । चेपाङ समुदायको बाहुल्यता रहेको राक्सिराङमा २०७८ को जनगणना अनुसार २५ हजार ९ सय ९६ जनसंख्या छ । त्यसमध्ये १७ हजार ६३ अर्थात ६५ दशमलब ६४ प्रतिशत बासिन्दा गरिबीको रेखामूनि रहेको प्रतिवेदनमा छ । संघीय र प्रदेश सरकारको पर्याप्त लगानी नहुँदा पालिका बहुआयामिक गरिबीको चपेटामा परेको गाउँपालिका अध्यक्ष राजकुमार मल्लले बताए । सरकारले खरको छानोमुक्त, टुकीमुक्त, खुला दिसामुक्त, निरक्षर जनसंख्यामुक्त, खुला चरिचरनमुक्त, धुवाँमुक्त जस्ता अनेक कार्यक्रम संचालन गरेको छ । यो सबै मुक्त गर्ने कार्यक्रमले गरिबीमुक्त गर्न भने सकेको छैन । राक्सिराङ विकटमात्र छैन, बहुआयामिक गरिबीको चपेटामा पनि छ । जहाँ बढी गरिबी छ, त्यहाँ सरकारको बढी लगानी हुनुपर्ने त्यस्तो भएको छैन ।

राष्ट्रिय तथ्यांक कार्यालयका निर्देशक मनोहर घिमिरेका अनुसार वार्षिक ७२ हजार ९०८ रुपैयाँ खर्च गर्न सक्ने सक्षम व्यक्ति गरिबीको रेखाभन्दा माथि हुन्छ । जिल्लागतरुपमा हेर्दा गरिबीको दर सबैभन्दा धेरै अछाममा ४९ दशमलव ५८ र सबैभन्दा कम कास्कीमा ५ दशमलव ६३ प्रतिशत छ । बैतडी, बाजुरा, मुगु, डोटी, कालीकोट, बर्दिया, कपिलवस्तु, बझाङ र रोल्पामा गरिबीको रेखामूनि रहेको जनसंख्या छ । प्रतिवेदनअनुसार ७ सय ५३ पालिकामध्ये सबैभन्दा धेरै जाजरकोटको जुनीचाँदी गाउँपालिकामा ७७ दशमलव ८९ प्रतिशत बासिन्दा गरिबीको रेखामुनि छन् । २०७८ को जनगणनाअनुसार जुनीचाँदीमा २३ हजार ७७१ मध्ये १८ हजार ५५१ जना गरिबको रेखामुनि छन् । यसैगरी मुगुको सोरु गाउँपालिकामा ७२ दशमलव ३६ प्रतिशत अर्थात् १० हजार ३३० जना गरिबीको रेखामूनि छन् । दुवै कर्णाली प्रदेशका स्थानीय तह हुन् । सुदूरपश्चिमका ६ पालिका गरिब नेपाली रहेको स्थानीय तहको सूचीमा छन् । अछामको ढकारी र बैतडीको सिगास गाउँपालिका तथा अछामकै कमलबजार नगरपालिका गरिब नेपाली रहेको स्थानीय तहको सूचीमा क्रमशः तेस्रो, चौथो र पाँचौ स्थानमा छन् । सुदूरपश्चिमकै डोटीको शिखर नगरपालिका र बाजुराको त्रिवेणी नगरपालिका सातौं र आठौं स्थानमा छन् । लुम्बिनीको कपिलवस्तुस्थित कृष्णनगर नगरपालिका र सुदूरपश्चिमको बैतडीस्थित शिवनाथ गाउँपालिका नवौं र दसौं स्थानमा छन् । सबैभन्दा कम गरिबीको दर भएका स्थानीय तहको सूचीमा मुस्ताङको घरपझोङ गाउँपालिका पहिलो नम्बरमा छ । यो गाउँपालिकामा २०७८ को जनगणना अनुसार ३ हजार ७ सय १२ जनसंख्या रहेकोमा १ दशमलव १८ प्रतिशत अर्थात् ४४ जनामात्र गरिबीको रेखामुनि छन् ।

कुल जनसंख्याको २० दशमलव २७ प्रतिशत नागरिक गरिबीको रेखामूनि रहेको नेपालमा पालिका तहसम्म पुग्दा चरम असमानता देखिएको छ । स्थानीय तहमा गरिबीको दर १ दशमलव १८ देखि ७७ दशमलव ८९ प्रतिशतसम्म रहेको राष्ट्रिय तथ्यांक कार्यालयले सार्वजनिक गरेको 'गरिबीको लघुक्षेत्र अनुमान-०८२' को प्रतिवेदनमा उल्लेख छ । ३४ जिल्लामा गरिबीको दर राष्ट्रिय औषत २० दशमलव २७ प्रतिशतभन्दा कम र ४३ जिल्लाको गरिबी दर राष्ट्रिय औषतभन्दा बढी छ । २०६८ मा सार्वजनिक नेपालमा गरिबीको लघुक्षेत्र अनुमानमा ५८ नगरपालिकाको गरिबी अनुमान गर्दा सबैभन्दा बढी बर्दियाको गुलरियाको ४९ दशमलव ६ प्रतिशत र सबैभन्दा कम पोखराको १ दशमलव ३ प्रतिशत थियो । त्यतिखेर ७५ जिल्ला रहेकामा सबैभन्दा बढी बाजुरामा ६४ प्रतिशत र सबैभन्दा कम कास्कीमा ४ प्रतिशत गरिबी थियो । नेपालमा २०३४ बाट गरिबी सर्वेक्षण थाल्दा ३६ प्रतिशत गरिबी थियो । २०४८ मा भने गरिबी ४९ प्रतिशत पुगेको थियो । २०६६/६७ मा गरिबी २५ दशमलव २ प्रतिशत गरिबी रहेकामा २०८० मा सार्वजनिक चौथो जीवनस्तर सर्वेक्षणले गरिबीको रेखामूनि २० दशमलव २७ प्रतिशत जनसंख्या रहेको देखाएको थियो । राष्ट्रिय योजना आयोगको १५ औं आवधिक योजनाले २०८०/८१ सम्म निरपेक्ष गरिबी १० प्रतिशतमा झार्ने लक्ष्य लिए पनि पूरा हुन सकेन । २०८१ मा पारित १६ औं पञ्चवर्षीय योजनाले भने निरपेक्ष गरिबी २०८५/८६ सम्ममा १२ प्रतिशतमा झार्ने लक्ष्य लिएको छ ।

# एउटा नेताले कति फरक पार्दछ राजनीतिमा ?



✍जनार्दन बराल

एउटा जुझारु र भिजनसहितको नेता पार्टीको नेतृत्वमा आयो भने त्यसले पार्टी र देशलाई नै कसरी परिवर्तन गर्न सक्छ भन्ने दुईवटा उदाहरण प्रस्तुत गर्दै छु । एउटा हालैको, अर्को अलि पुरानो । पहिलो- क्यानडा जहाँ लिबरल पार्टीलाई 'स्वाभाविक सत्तासीन दल' (नेचुरल गभर्निङ पार्टी) का रूपमा लिइन्थ्यो । किनभने क्यानडा स्वशासित मुलुक भएदेखि अर्थात् सन् १८६७ मा स्थापना भएको यो पार्टी यसबीचमा ६० प्रतिशत समय सरकारको नेतृत्वमा छ । तर, १३ वर्ष सरकारको नेतृत्व गरेपछि सन् २००६ को चुनावबाट दोस्रो स्थानमा झरेको यो पार्टीले सन् २०११ मा शर्मनाक हार बेहोर्‍यो । त्यसबेलाको क्यानडाली संसद्को ३०८ सिटमध्ये यो पार्टीले जम्मा ३४ सिट मात्र जितेको थियो ।

दक्षिणपन्थी कन्जरभेटिभ पार्टीले बहुमतको सरकार बनायो भने वामपन्थी रुझान भएको न्यु डेमोक्रेटिक पार्टी (एनडीपी) मुख्य विपक्षी दल बन्यो । मध्यमार्गी लिबरल पार्टी भने अत्यन्तै सानो तेस्रो शक्ति बन्न बाध्य भयो । त्यसबीचमा लिबरल पार्टी ऋणमा डुबेको थियो, अस्तव्यस्त र टुटफुटको अवस्थामा थियो । धेरै राजनीतिक विश्लेषकहरूले त एक समय क्यानडामा शासन गरेको यो गौरवशाली पार्टीको भविष्य समाप्त भएको टिप्पणी समेत गरेका थिए । त्यसबीचमा सन् २०१३ मा भएको पार्टीको आन्तरिक चुनावमा ४१ वर्षका जस्टिन ट्रुडो ८० प्रतिशतभन्दा बढी भोट ल्याएर दलका नेता चयन भए । हुन त जस्टिन पूर्वप्रधानमन्त्री पिएरे ट्रुडोका छोरा हुन्, तर उनलाई पार्टीको नेता बनाउन समर्थकहरूको सुनामी नै आएको थियो । उनको युवा जोस, प्रभावशाली व्यक्तित्व र 'आशा र कडा परिश्रम' को नाराले पार्टीका कार्यकर्तामा नयाँ उत्साह भरेको थियो ।

सन् २०१५ को राष्ट्रिय चुनावको केही अघिसम्मका जनमत सर्वेक्षणहरूमा लिबरल पार्टी फेरि पनि तेस्रो स्थानमै रहेको देखिन्थ्यो । तर, ११ हप्ता लामो चुनावी अभियानलाई ट्रुडोले नाटकीय रूपमा आफ्नो पक्षमा पारे र सिधै १८४ सिट जितेर स्पष्ट बहुमत प्राप्त गरे । यो क्यानडाको चुनावी इतिहासमा कुनै पनि पार्टीले सिट संख्यामा गरेको सबैभन्दा ठूलो वृद्धि (१४८ सिटको बढोत्तरी) थियो । ट्रुडोले चुनावमा 'ब्लु ओसन रणनीति' मा काम गरे, जसअन्तर्गत अर्को पार्टीको मतदाता चोर्ने परम्परागत बाटो छोडेर भोट नहाल्ने (नन-भोटर्स) लाई भोट हाल्न ल्याउने रणनीति लिए । युवा पुस्ता र आदिवासी समुदायलाई राजनीतिको मूलधारमा ल्याए । १८ देखि २४ वर्ष उमेर समूहका मतदाताको उपस्थितिमा १८.३ प्रतिशतको ऐतिहासिक वृद्धि भयो, जसको ठूलो हिस्सा ट्रुडोको पक्षमा गयो ।

विपक्षीहरूले नकारात्मक विज्ञापन र व्यक्तिगत हमला गरिरहँदा ट्रुडोले 'सकारात्मक राजनीति' र 'वास्तविक परिवर्तन' को नारा दिएका थिए । नेतृत्वमा आएपछि ट्रुडोले क्यानडाको इतिहासमा पहिलो पटक महिला-पुरुष बराबर भएको मन्त्रिमण्डल गठन गरेर ठूलो परिवर्तनको सन्देश दिएका थिए । दोस्रो उदाहरण हुन्- टोनी ब्लेयर ब्लेयरले सन् १९९० र २००० को दशकमा बेलायती लेबर पार्टी र राष्ट्रिय राजनीतिमा एउटा महत्त्वपूर्ण परिवर्तन ल्याएका थिए । १८ वर्षसम्म विपक्षी सिटमा बस्नुपरेको लेबर पार्टीको नेतृत्वमा उनी आएपछि लगातार तीनवटा चुनाव जितेको थियो । सन् १९९४ मा लेबर पार्टीका तत्कालीन नेता जोन स्मिथको मृत्यु भएपछि ब्लेयरले मार्गरेट बेकेट र जोन प्रेस्कटजस्ता स्थापित नेतालाई पराजित गर्दै लेबर पार्टीको नेता चयन भएका थिए । ४१ वर्षे ब्लेयरले नेतृत्व सम्हाल्नुअघि लेबर पार्टी अत्यन्तै कमजोर थियो । ट्रेड युनियनहरूसँगको गहिरो सम्बन्ध, उच्च कर र परमाणु निशस्त्रीकरणजस्ता नीतिका कारण मतदाताहरूले रुचाएका थिएनन् । यो पार्टीलाई अव्यावहारिक र पुरानो विचारधारा बोक्ने पार्टीका रूपमा मतदाताले लिन्थे ।

तर उनी पार्टीको नेतृत्वमा आएपछि पार्टीभित्र ठूलो रूपान्तरण ल्याए, जसलाई 'न्यु लेबर' भनियो । उनले पार्टीको विधानबाट उद्योगको राष्ट्रियकरण गर्ने नीतिलाई हटाए भने खुला बजार अर्थतन्त्रलाई अङ्गीकार गरे । पुँजीवाद र समाजवाद बीचको बाटो अर्थात् 'थर्ड वे' को अवधारणा ल्याए । पार्टीको छविलाई आधुनिक र युवामैत्री बनाए । त्यसको प्रभाव राष्ट्रिय चुनावमा देखियो । सन् १९९७ को चुनावमा ऐतिहासिक रूपमा ४१८ सिटका साथ लेबरलाई भारी बहुमतका साथ विजय हासिल गराए । कक्षाकोठाको आकार घटाउने, अपराधमा कडा हुने, स्वास्थ्य सेवाको प्रभावकारिता बढाउन 'नेसनल हेल्थ सिस्टम' (एनएचएस) मा सुधार, युवालाई रोजगारी तथा आर्थिक स्थिरताजस्ता पाँचवटा वाचा गरेर उनी चुनावमा गएका थिए । जसका कारण उनले परम्परागत वामपन्थी समर्थक मात्र नभई मध्यम वर्ग र शहरोन्मुख क्षेत्रका मतदातालाई पनि आकर्षित गरेका थिए ।

इराक युद्धमा सहभागी भएकोमा विश्वव्यापी आलोचना हुनुबाहेक ब्लेयरले बेलायतको रूपान्तरणमा गरेको योगदानलाई असाधारण मानिन्छ । उनले सन् १९९८ मा 'गुड फ्राइडे एग्रिमेन्ट' मार्फत उत्तरी आयरल्यान्डसँग दशकौंदेखि जारी द्वन्द्व अन्त्य गर्न महत्त्वपूर्ण भूमिका खेले । स्कटल्यान्ड र वेल्सलाई आफ्नै संसद् र स्वायत्तता दिने गरी विकेन्द्रीकरणको सुरुवात गरे । पहिलो पटक बेलायतमा न्यूनतम पारिश्रमिक लागू गरे र मानव अधिकार ऐन ल्याए । स्वास्थ्य र शिक्षा क्षेत्रमा सरकारको लगानीलाई उल्लेख्य रूपमा वृद्धि गरे । भेदभाव विरोधी कानुनहरू ल्याए । वास्तवमा नेतृत्वमा आएपछि टोनी ब्लेयरले हार्ने बानी परेको पार्टीलाई आधुनिक र अपराजेय चुनावी मेसिनमा मात्रै परिवर्तन गरेनन्, बेलायतलाई आधुनिकीकरणको बाटोमा लगेका थिए ।

यी दुईभन्दा फरक फ्रान्सका इम्यानुयल म्याक्रोँ पुरानो सरकारबाट बाहिरिएर आफ्नै नेतृत्वमा राजनीतिक अभियान सुरु गरेको एक वर्षमै राष्ट्रपति बनेका थिए । सन् २०१२ मा तत्कालीन राष्ट्रपति फ्रास्वाँ ओल्यान्डका अर्थमन्त्री रहेका म्याक्रोँले मन्त्री पदबाट राजीनामा दिएर 'एन मार्चे' नामक अभियान सुरु गरे । यसै अभियानको नेतृत्व गर्दै २०१७ मा उनी राष्ट्रपति निर्वाचित भएका थिए । ४० वर्षकै उमेरमा फ्रान्सको राष्ट्रपति बनेका उनी दोस्रो कार्यकालका लागि पनि राष्ट्रपति निर्वाचित भएका थिए ।

एउटा युवा, दूरदर्शी र जुझारु नेतृत्वले कसरी शिथिल बनेका पार्टीलाई पुनर्जागृत बनाउन सक्छ वा कसरी नयाँ राजनीतिक अभियान नै चलाउन सक्छ भन्ने उदाहरण ट्रुडो, ब्लेयर र म्याक्रोँ मात्रै होइनन् । अस्ट्रियाका सेबास्टियन कर्ज, चिलीका ग्याब्रियल बोरिस, एल साल्भाडोरका नयिब बुकेले, इक्वेडरका ड्यानियल नोबोआसम्मले यस्ता उदाहरण प्रस्तुत गरेका छन् । अब नेपालको कुरा गरौं । पुस्तौंदेखि वयोवृद्ध नेताहरूले नेतृत्व गरिरहने र उनीहरूको बदमासी मिश्रित शासनलाई युवाहरूले सहेर मात्रै बस्नुपर्ने प्रवृत्तिलाई जेनजी आन्दोलन र त्यसपछि विकास भएको राजनीतिक परिदृश्यले चुनौती दिएको छ । २७ वर्षमुनिका युवाहरूको आह्वानमा भएको आन्दोलनले देशका दुई ठूला पार्टीहरू मिलेर बनेको 'ग्रान्ड कोलिसन' लाई उठाएर मिल्काएन मात्रै, त्यसले वैकल्पिक राजनीतिक खेलाडीहरूलाई पनि जन्म दिएको छ । त्यससँगै स्थापित र पुराना दललाई रूपान्तरण हुनैपर्ने बाध्यता आइलागेको छ ।

तर, परम्परागत राजनीतिक दलहरूले नवयुवाले दिएको त्यो म्यान्डेटलाई आत्मसात् गरेनन् । जेनजी आन्दोलनपछि एमालेले महाधिवेशन त गर्‍यो, तर त्यो पार्टीमा न कुनै युवाले रूपान्तरणका एजेन्डा ल्याए, न त नेतृत्व नै फेरियो । यथास्थितिमै त्यो पार्टी रह्यो । अर्का ठूला दुई कम्युनिस्ट पार्टीहरू माओवादी केन्द्र र समाजवादीले एकता गरे, नाम र चुनाव चिह्न फेरे, तर नेतृत्व फेरेनन् । प्रचण्ड अध्यक्षबाट संयोजक बने, अन्य नेता कसको वरीयता के हुने भन्नेमा नै झगडा गरिरहे । सबैभन्दा ठूलो र प्रजातान्त्रिक मानिएको पार्टी नेपाली कांग्रेसमा पनि परिवर्तनलाई रोक्न चट्टानी अवरोध वृद्ध नेतृत्वले नै गरेको हो । ५४ प्रतिशत महाधिवेशन प्रतिनिधिले विशेष महाधिवेशन माग गर्दा पनि त्यसलाई अवज्ञा गर्ने निर्णय केन्द्रीय समितिबाट गराइएको हो । तर, महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्माले विशेष महाधिवेशन आह्वान गरे, जसमा करिब ६५ प्रतिशत महाधिवेशन प्रतिनिधि सहभागी भइरहेका छन् । र यो विशेष महाधिवेशन कांग्रेसको नीति र नेतृत्व फेर्ने दिशामा स्पष्ट रूपमा अघि बढेको छ ।

अहिले देश कस्तो छ ? हरेक सरकारी अड्डामा जनताले पैसा नबुझाई वा पावर नलगाई पाउनै पर्ने सेवा पाउँदैनन् । पैसा बुझाएपछि गर्नै नमिल्ने काम पनि हुन्छ । एउटा युवाले सवारी चालक अनुमतिपत्र (लाइसेन्स) बनाउन, पासपोर्ट बनाउन, विदेश काम गर्न जाने श्रम स्वीकृति लिनदेखि पढ्न जाने 'नो अब्जेक्सन लेटर' लिनसम्म घुस नखुवाई हुँदैन । घुस नखुवाई आफ्नै जग्गाको मालपोत पास हुँदैन, कम्पनी र उद्योग दर्ता हुँदैन । घुस नखुवाई बैंकबाट ऋण पाउन पनि गाह्रो छ । सरकारलाई राजस्व तिर्न र मिलाएर नतिर्न वा कम तिर्न पनि घुसको उपकरण प्रयोग हुन्छ । बाटोघाटो, पुलपुलेसा लगायत बनाउँदा त कामभन्दा घुसकै हिस्सा बढी हुन्छ । माओवादी अध्यक्ष प्रचण्डले टेलिभिजन अन्तर्वार्तामा खुला रूपमा स्वीकार गरे- 'नेताका घरमा २-४ करोड हुनु सामान्य हो । म त साथीहरूकहाँ बाँडेर राख्थेँ ।' केपी ओलीले त्यस्तै दलिल पेस गरे । उनका पीए राजेश बज्राचार्यले यति समूहबाट घर उपहार लिनु कुनै ठूलो कुरा होइन । अरूले लिन मिल्ने, राजेशले किन नमिल्ने ? कानुनको शासन भएको देशमा यी दुवै गम्भीर अपराध हुन् ।

यही अवस्था सुधार्न नवयुवाले बलिदान गरेका हुन् । तर, परम्परागत दलहरूले उनीहरूको यो मागलाई सिधै खारेज गरिरहेका छन् । तर बेलायतमा टोनी ब्लेयरले जस्तै नेपाली कांग्रेसभित्र गगन-विश्वप्रकाशले पार्टी नेतृत्व मात्रै फेर्ने कुरा गरेका छैनन्, मुलुकको आर्थिक-सामाजिक-राजनीतिक ल्यान्डस्केपमा आमूल परिवर्तनको वकालत गरेका छन् । दुई पटकभन्दा बढी प्रधानमन्त्री हुन नपाइने, समानुपातिक प्रणालीबाट एक पटक मात्रै सांसद बन्न पाइने, पार्टीभित्र प्राइमरी निर्वाचन, चुनावअघि कुनै दलसँग गठबन्धन नगर्ने, नियुक्तिमा राजनीतिक भागबन्डाको अन्त्य, राजनीतिक दललाई राज्यकोषबाट अनुदान, भ्रष्टाचारविरोधी संस्थाको सबलीकरण, सार्वजनिक सेवामा सुधारलगायत धेरै सुधारका एजेन्डा उनीहरूले प्रस्तुत गरेका छन् ।

'कांग्रेस बदल्नका लागि, बदलिएको कांग्रेसमार्फत देश बदल्नका लागि' भन्ने नाराका साथ भइरहेको कांग्रेसको विशेष महाधिवेशनले सो पार्टीभित्र मात्रै होइन, जनताको स्तरमा पनि एउटा सकारात्मक ऊर्जा प्रवाह गरेको छ । किनभने जेनजीहरूले सबैभन्दा खराब, बेइमान र अयोग्यहरूको शासन अर्थात् 'काकिस्टोक्रेसी' बाट देशलाई मुक्त गराउन त्यो आन्दोलन गरेका हुन् । वृद्धहरूको शासन अर्थात् 'जेरोन्टोक्रेसी' समाप्त गर्न अभियान चलाएका हुन् । राजनीतिमा ओलीगार्की र अर्थतन्त्रमा क्रोनीवादको समूल अन्त्य गर्ने उद्घोष गरेका हुन् । नवयुवाका ती माग पूरा गर्ने मनसायले केही नयाँ दल खुले, वैकल्पिक राजनीतिका केही पुरानै खेलाडीले नयाँ मानिसहरूलाई समेटे । नयाँ र वैकल्पिक धारका दलहरूसँग शासन, शासक र प्रशासनमाथि अनगिन्ती प्रश्नहरू छन्, आक्रोश छ, आवेग छ । तर समाधानका विकल्पहरू भने उनीहरूसँग कम छन् ।

कुलमान घिसिङजस्ता वैकल्पिक राजनीतिका कतिपय अगुवा सरकारमै बसेर चलाएका ४३ करोड काण्डजस्ता अनियमितताका शृंखलाको ढाकछोप गर्न राजनीतिमा आएको देखिन्छ । रवि लामिछानेमाथि सहकारीमा गरिब जनताले राखेको बचत अपचलनको मुद्दा चलिरहेको छ । गहिरो असन्तुष्टि बोकिरहेका र विकल्प खोजिरहेका जनताले त्यो प्रकट गर्ने ठाउँमा तिनै वैकल्पिक राजनीतिका 'टेस्टेड' पात्र मात्रै थिए । यस्तो अवस्थामा गगन थापाको नेतृत्वमा नेपाली कांग्रेस पुग्यो भने मतदाताका लागि छनोटको गतिलो विकल्प हुन सक्छ, जो स्थापित राजनीतिक दलको हो तर परिवर्तनको एजेन्डालाई अघि बढाइरहेको छ ।

गगनले लेखेका दस्तावेज, बोलेका वक्तव्य, सूक्ष्म रूपमा गरेका काम-अनुसन्धान र राखेका अडानहरू हेर्दा उनी लोकप्रियतावादी (पपुलिस्ट) होइन, व्यवहारवादी (प्राग्म्याटिक) नेताका रूपमा स्थापित छन् । देशलाई पपुलिज्मको भड्खालोमा पर्नबाट जोगाउन पनि यस्तो नेतृत्व राजनीतिक पार्टीहरूमा आवश्यक छ । कांग्रेसमा मात्रै होइन, अन्य दलमा पनि यस्तो प्रयास हुन आवश्यक छ । एमाले-नेकपाजस्ता पुराना दलले त्यो अवसर गुमाइसके, अवसरको मुखमा कांग्रेस मात्रै छ । पार्टीहरू पनि राज्यका संस्था हुन्, राज्य सञ्चालन गर्ने संस्था हुन् । पार्टी खराब हुँदा देश बलियो हुँदैन । नेता खराब भए पार्टी बिग्रन्छ । र, एउटा इमानदार, दूरदृष्टि र दृढता भएको युवा नेताको हातमा पार्टी पुग्यो भने त्यसले उसको दल मात्रै होइन, देशलाई नै फेर्छ । सुरुमा प्रस्तुत गरेका तथ्यले त्यही बताउँछन् । काठमाडौंको भृकुटीमण्डपमा जम्मा भएका नेपाली कांग्रेसका दुई तिहाइ महाधिवेशन प्रतिनिधिले यो तथ्य राम्रोसँग बुझेको सन्देश दिइरहेका छन् ।

*(साभार: अनलाइनखबर)*

# इतिहास र आकांक्षाको कठघरामा कांग्रेस

✍डा. नरेश भट्ट

जनसार्वभौमसत्ता लोकतान्त्रिक जीवनको स्पन्दन हो । राज्यशक्तिको स्रोत बन्दुकको नाल वा दरबारको प्राङ्गण हुन सक्दैन नागरिकको अभिमत नै अन्तिम सत्य हुन्छ । जनताले आवधिक निर्वाचनमार्फत आफ्नो सार्वभौम अधिकार प्रयोग गर्छन् । मतपत्रमा लाग्ने स्वस्तिक छापले शासकको भाग्य कोर्छ । लोकतन्त्रमा नागरिक रैती होइनन्, भाग्यनिर्माता हुन् । सार्वजनिक बहस, शान्तिपूर्ण विरोध र असहमति प्रकट गर्ने स्वतन्त्रता यसका आधारभूत चरित्र हुन् । सडकमा उठ्ने आवाज र सदनमा गुञ्जने तर्कले शासनलाई दिशानिर्देश गर्छ । बन्द कोठामा गरिने निर्णय अब स्वीकार्य हुँदैन । जनसहभागिताले मात्र मृतप्रायः विधिमा प्राण भर्छ ।

समानता र विधिको शासन लोकतन्त्रका दुई अक्षुण्ण खम्बा हुन् । कानुनका दृष्टिमा राष्ट्रप्रमुख र सामान्य किसान बराबर हुन्छन् । शक्तिको उन्मादले विधिलाई थिच्न खोज्दा लोकतन्त्र घाइते हुन्छ । पद र प्रतिष्ठाको तराजुले न्यायको तौल बढाउँदैन । प्रत्येक नागरिकको अधिकार समान हुन्छह प्रत्येक मतको मूल्य एउटै हुन्छ । शासकले आफूलाई कानुनभन्दा माथि ठान्नु सामन्ती अवशेष हो । पारदर्शिताले शासनमा जवाफदेहिता सुनिश्चित गर्छ । नेता मालिक होइनन्, सेवक हुन् । यो बोध गराउने काम कानुनको शासनले गर्छ । अन्धकारमा हुने निर्णयले भ्रष्टाचार बढाउँछह पारदर्शिताले सुशासनको ढोका खोल्छ । नागरिकले सूचित निर्णय गर्न पाउनु नैसर्गिक अधिकार हो । सूचना लुकाउने सत्ताले लोकतन्त्रको उपहास गर्छ । मानवअधिकारको संरक्षणविना लोकतन्त्रको कल्पना गर्न सकिँदैन । अभिव्यक्ति स्वतन्त्रता, सभा गर्ने अधिकार र संघसंस्था खोल्ने हक संविधानले प्रत्याभूत गर्छ । यी स्वतन्त्रता खोसिए नागरिक श्वास फेर्ने लास बन्छन् । राज्यले नागरिकको मौलिक हक कुण्ठित गर्न पाउँदैन । संविधान वा अधिकारपत्रमा लेखिएका अक्षरले मात्र स्वतन्त्रता जोगिँदैन शासकको नियत सफा हुनुपर्छ ।

शान्तिपूर्ण शक्ति हस्तान्तरण राजनीतिक स्थिरताको परिचायक हो । निर्वाचनमा पराजय स्विकार्नु लोकतान्त्रिक संस्कारको उच्चतम नमुना हो । जितनेले दम्भ त्याग्नुपर्छह हार्नेले प्रतिशोध । सत्ता कसैको पेवा होइनह यो जनविश्वासको नासो हो । नासो फिर्ता गर्न आनाकानी गर्नु बेइमानी ठहरिन्छ । नेपालको राजनीतिक इतिहास सैर्ष र बलिदानको गाथाले भरिएको छ । वि.सं. २००७ को क्रान्तिले जहानियाँ शासन अन्त्य गर्‍यो । वि.सं. २०४६ को आन्दोलनले निरंकुश पञ्चायत ढाल्दै बहुदलीय व्यवस्था पुनर्स्थापना गर्‍यो । २०६२/६३ को ऐतिहासिक जनआन्दोलनले राजतन्त्रको अन्त्य गर्दै मुलुकलाई गणतन्त्रको युगतिर डोर्‍यायो । जनताको बलिदानीले केन्द्रीकृत सत्ताको जग हल्लाइदियो । २०७२ को संविधानले संघीय लोकतान्त्रिक गणतन्त्र संस्थागत गर्‍यो । संविधानले शक्ति विकेन्द्रीकरणको खाका कोर्‍यो समावेशितालाई मूलमन्त्र बनायो । सिंहदरबारको अधिकार गाउँगाउँ पुर्‍याउने सपना देखियो । व्यवहारमा भने केन्द्रीकृत मानसिकता हाबी रह्यो ।

राजनीतिक नेतृत्वले इतिहासको भारी बिसायो तर भविष्यको बाटो ठम्याउन सकेन । अस्थिर सरकार, कमजोर संस्था र मौलाउँदो भ्रष्टाचारले नागरिकको सपनामा तुषारापात गर्‍यो । आर्थिक प्रगतिले गति लिन सकेन निराशाको कालो बादल मडारियो । युवा पुस्ताले देशमा भविष्य देख्न छाड्यो । सुस्त विकासले धैर्यको बाँध टुटायो । जनताले परिवर्तनको आभास पाउन सकेनन् । शासक बदलिए शासनशैली उस्तै रह्यो । दलीय सिण्डिकेटले प्रणालीलाई बन्धक बनायो । पुराना दलहरूको कार्यक्षमतामाथि गम्भीर प्रश्न उठ्यो । इतिहासको ब्याजले मात्र वर्तमानको भोक मेटिँदैन । सन् २०२५ नेपालको राजनीतिक इतिहासमा निर्णायक मोड बन्यो । लामो समयदेखि गुम्सिएको आक्रोश विस्फोट भयो । जेनजी पुस्ता डिजिटल अस्त्रसहित सडकमा ओर्लियो । यो आन्दोलन कुनै दल विशेषको आह्वानमा भएको थिएनह यो चेतनाको ज्वारभाटा थियो । भ्रष्टाचार, बेरोजगारी र डिजिटल स्वतन्त्रतामाथिको अङ्कुशले आगोमा घिउ थप्यो । सरकारले युवाको स्वर दबाउन खोज्यो प्रतिफल घातक बन्यो । काठमाडौंका सडकदेखि सामाजिक सञ्जालका भित्तासम्म परिवर्तनको नारा गुञ्जियो । पुराना नेताहरूको अनुहारमा त्रास देखियो । ठुलो प्रदर्शनले सत्ताको जग हल्लायो । बाध्य भएर सरकार परिवर्तन भयो ।

जनदबाबले मुलुकलाई नयाँ दिशा दियो । नेपालले इतिहासमै पहिलो महिला प्रधानन्यायाधीश सुशीला कार्कीको नेतृत्वमा अन्तरिम सरकार पायो । यो नियुक्ति प्रतीकात्मक मात्र थिएन विधिको शासन पुनर्स्थापनाको सङ्केत थियो । अन्तरिम सरकारको कार्यादेश स्पष्ट तोकियो । २०२६ मार्चसम्म स्वतन्त्र निर्वाचन सुनिश्चित गर्नु सरकारको एकल लक्ष्य बन्यो । सुशीला कार्कीको निष्ठा र चट्टानी अडानले नागरिकमा आशा जगायो । प्रणाली सुधार्ने जिम्मा गैर-राजनीतिक व्यक्तित्वको काँधमा आयो । राजनीतिक दलहरूको विफलताले यो परिस्थिति निर्माण गर्‍यो । समय घर्कदैँछ दायित्व विशाल छ । सन् २०२६ को निर्वाचन सामान्य औपचारिकता मात्र होइन लोकतन्त्रको अग्निपरीक्षा हो । पुराना दल र नयाँ शक्तिबिचको महासङ्ग्राम सुरु हुँदैछ । राष्ट्रिय स्वतन्त्र पार्टी लगायतका नयाँ शक्तिहरू उदाएका छन् । स्वतन्त्र उम्मेदवारहरूले परिवर्तनको बिगुल फुकेका छन् । नागरिकले परम्परागत नेतृत्वको विकल्प खोजेका छन् । पुराना दलहरूको जग हल्लिएको छ । 'जेनजी' आन्दोलनले राजनीतिमा युवा हस्तक्षेप अपरिहार्य बनायो । मतदाता अब भाषणमा भुलिँदैनन् परिणाम खोज्छन् । पारम्परिक दलहरू रूपान्तरण हुन नसके इतिहासको पानामा सीमित हुनेछन् ।

संघीयताको अभ्यास जटिल मोडमा छ । सै र स्थानीय सरकारबिच शक्ति सन्तुलन मिलेको छैन । स्थानीय निकायले संवैधानिक रूपमा अधिकार पाएका छन् व्यवहारमा स्रोतसाधनको अभाव छ । तैपनि, स्थानीय सरकार जनताको सबैभन्दा नजिकको साथी बनेको छ । सिंहदरबार नपुग्ने हातले गाउँपालिकामा न्याय माग्न पाएको छ । अधिकारको यो निक्षेपण लोकतन्त्रको सुन्दर पक्ष हो । सैले अधिकार मुट्ठीमा कसेर राख्न मिल्दैन । प्रदेश संरचना अझै अलमलमा छ । प्रभावकारी कार्यान्वयनले मात्र व्यवस्थाप्रति विश्वास जगाउँछ । सरकार घरदैलोमा पुगेको अनुभूति नागरिकले गर्नुपर्छ ।

नेपाली कांग्रेसको भूमिका यस परिदृश्यमा सर्वाधिक महत्त्वपूर्ण देखिन्छ । यो दल नेपालको लोकतान्त्रिक आन्दोलनको पर्याय हो । १९५० मा राणा शासनविरुद्ध सशस्त्र क्रान्ति नेतृत्व गरेर यसले परिवर्तनको बीजारोपण गर्‍यो । कांग्रेसले सधैं निरङ्कुशतासँग पैठाजोरी खेल्यो । पञ्चायती अन्धकारमा ३० वर्षसम्म बहुदलको दियो बाल्यो । १९५९ मा बीपी कोइरालाको नेतृत्वमा पहिलो जननिर्वाचित सरकार गठन भयो । त्यो इतिहास गौरवपूर्ण छ । २०४६ पछि अधिकांश समय सत्ताको नेतृत्व कांग्रेसले नै गर्‍यो । २०१५ र २०२२ को निर्वाचनमा पनि पहिलो दल बन्यो ।

क्रमशः पृष्ठ-३....

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

साझाकुरा

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०७६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ माघ १ गते बिहीबार १५ जनवरी २०२६ । द्वादशी, पौष शुक्लपक्ष । पोहेलाथ्व ११४६ ने.सं. । सूर्योदय ६:५८ सूर्यास्त ५:२९ । माघे संक्रान्ति । माघीपर्व । उत्तरायण शुरु । राष्ट्रिय योग दिवस ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : नचिताएको काम सम्पन्न हुनेछ | तुला | : यात्राबाट नोक्सान हुनेछ |
| वृष | : मिहिनेतको फल मिल्नेछ | वृश्चिक | : घाउचोट लाग्न सक्नेछ |
| मिथुन | : स्वास्थ्यमा खराबी आउनेछ | धनु | : जग्गा जमिनबाट लाभ हुनेछ |
| कर्कट | : शुभ कामको संकेत मिल्नेछ | मकर | : सोचेभन्दा बढी खर्च हुनेछ |
| सिंह | : शरीरमा केही आलश्य हुनेछ | कुम्भ | : मित्रतामा कमी आउनेछ |
| कन्या | : सफलता मिल्न गाह्रो छ | मीन | : कामको जिम्मेवारी बढ्नेछ |

### टी-२० विश्वकप ग्लोबल छनोट :

# महिला क्रिकेटमा नयाँ इतिहास रच्ने लक्ष्य

काठमाडौं/नेपाली महिला क्रिकेट टोलीले गत जेठमा भएको महिला टी-२० विश्वकपको एसिया रिजनल छनोट पार गरेर इतिहास रचेको थियो । महिला क्रिकेट इतिहासमै एसिया छनोटभन्दा अगाडिको यात्रा तय गर्न नसकेको अवस्थाबाट नेपालले ग्लोबल छनोटमा स्थान बनाएर खुसीको माहोल सिर्जना गरेको थियो ।

अनुभवी खेलाडी रुबिना श्रेत्री र इन्दु बर्मासहित युवा खेलाडीहरूको समिश्रण रहेको उक्त टिमले हासिल गरेको त्यस उपलब्धिबाट नेपालका लागि अर्को नयाँ इतिहास बनाउने अवसर सिर्जना भएसँगै अझै बलिया टिमसँग खेल्ने चुनौती समेत थपिएको थियो । अघिल्लोपटक एसिया छनोट गुमाएकी सबैभन्दा सिनियर खेलाडी सीता राना मगर ग्लोबल छनोटका लागि टिममा फर्किएकी छन् । त्यसले टिममा थप ऊर्जा दिनेछ भने युवा खेलाडीले गरिरहेको प्रदर्शन अनि घरेलु मैदानको साथले महिला टोली एउटा अर्को इतिहास बनाउने यात्रामा हुनेछ ।

यसअघि यू-१९ महिला टिमले विश्वकप खेलिसकेको अवस्थामा सिनियर टोलीलाई पनि त्यही उपलब्धि हासिल गर्ने एक किसिमको दबाब पनि थपिनेछ । उक्त विश्रुवकपमा नेपालको नेतृत्व गरेकी पूजा महतो सिनियर टिमबाट पनि विश्वकप खेल्ने पथमा सँगै छन् । आगामी सातादेखि सुरु हुने ग्लोबल छनोट महिला टी-२० विश्वकप खेल्ने अन्तिम खुड्किलोका रूपमा छ र यहाँबाट उत्कृष्ट प्रदर्शन गर्ने शीर्ष ४ टिमले महिला टी-२० विश्वकपमा स्थान बनाउनेछ ।

प्रतियोगिताका लागि इन्दु बर्माको कप्तानीमा नेपालको १५ सदस्यीय अन्तिम टोली पनि घोषणा भइसकेको छ । पहिलोपटक एसिया चरणको छनोट पार गरेर ग्लोबल छनोटमा पुगेरुको नेपाली टोली अब पहिलोपटक विश्वकरुप खेल्ने लक्ष्यमा छ । तर यो यात्रा त्यति सहज भने हुने छैन ।

नेपालले समूह चरणमा आफुभन्दा माथिल्लो वरियतामा रहेका टोलीहरूसँग प्रतिस्पर्धा गर्नुपर्नेछ । तीमध्ये केही टोलीले विश्वकप पनि खेलिसकेका छन् । नेपाली टोलीको अबको मुख्य लक्ष्य विश्रुवकप खेल्ने नै हुने छ । यसका लागि नेपाली टोलीले धेरै समय अगाडि देखि नै तयारी गरेको छ ।

कप्तान इन्दु बर्माले विपक्षी जुनसुकै प्रतियोगितामा पनि बलियो नै हुने र खेलका क्रममा राम्रो प्रदर्शन गर्ने टोलीकै जित निश्चित हुने बताएकी छन् । 'विपक्षी टिमहरू भनेको राम्रो नै हुन्छन्, हामीले खेल हुने दिनमा कस्तो प्रदर्शन गर्छौं भन्ने कुरा पनि महत्वपूर्ण हुन्छ । आफ्नो तर्फबाट बेस्ट दिनुपर्छ' उनले भनेकी छन् ।



**नयाा प्रशिक्षक, उत्साहित खेलाडी**

यही छनोट प्रतियोगिता अघि नेपाली महिला टोलीको मुख्य प्रशिक्षकमा हर्षल जयन्त पाठक नियुक्त भएका थिए । हर्षल यसअघि थाइल्यान्ड महिला टोलीको प्रशिक्षक रहेका थिए । उनकै प्रशिक्षणमा थाइल्यान्डले पहिलोपटक महिला टी-२० विश्वकप खेलेको थियो ।

पाठकको लक्ष्य नेपाललाई पनि पहिलोपटक विश्वकपमा छनोट गराउने नै हुनेछ । उनले त यसअघि नै नेपाल विश्रुवकपमा छनोट हुनेमा आशावादी रहेको बताएका छन् । खेलाडीहरू पनि हर्षलको प्रशिक्षणमा उत्साहित देखिएका छन् । कप्तान इन्दु बर्माले पाठकको नियुक्ति हुने सकारात्मक पक्ष भएको बताएकी थिइन् ।

'उहाँको नियुक्ति हाम्रो लागि धेरै राम्रो पक्ष हो । खेल्ने त हामीले नै हो । उहाँहरूको स्किलमा काम गर्न सक्दा केही प्लस पोइन्ट हुन्छ भन्ने लाग्छ' इन्दुले भनेकी छन् । उपकप्तान पूजा महतोले पनि थाइल्यान्डलाई जस्तै नेपाललाई पनि विश्वकपमा पुऱ्याउने विश्वास व्यक्त गरिन् ।

**बन्ला नयाा इतिहास ?**

नेपाली महिला क्रिकेट टोलीले टी-२० विश्वकपको एसिया छनोट पार गरेर एउटा नयाँ अध्यायको सुरुवात गरेको थियो । अब त्यही टिमलाई अर्को अध्यायमा प्रवेश गर्ने चुनौती छ । ग्लोबल छनोटको समूह चरण पार गरेर सुपर सिक्स अनि त्यहाँबाट शीर्ष ४ मा पर्न सकेमा सिनियर महिला क्रिकेट टोलीले पहिलोपटक विश्वकप खेल्नेछ । यो महिला क्रिकेटको सबैभन्दा ठूलो उपलब्धि हुनेछ ।

नेपालले टेस्ट राष्ट्रदेखि विश्रुवकप खेलिसकेका टिमको चुनौती पन्छाउनुपर्ने हुन्छ । नेपालले समूह चरण पार गरेर अगाडि बढ्नका लागि हाल खेलिरहेकोभन्दा बेटर क्रिकेट खेल्नुपर्ने हुन्छ । नेपाली महिला टिमकी प्रथम कप्तान नेरी थापाले अहिलेको टिमले राम्रो खेलिरहेको र विश्वकप खेल्न दाबेदारी दिइरहेको बताउँछिन् ।

'हामीले मौका नपाएपनि अहिलेको टिमले मौका पाएको छ । राम्रो पनि खेलिरहेको छ टिमले । अझै राम्रो खेल्न सक्यो भने विश्वकपमा पुग्न सक्छ' थापाले भनिन्, 'विश्वकप छनोटमा पुग्ने टिम पक्कै पनि राम्रो हुन्छ । पहिलाको प्रतियोगिता भन्दा अझ धेरै मिहिनेत चाहिँ गर्नुपर्छ ।' नेपाली टोलीलाई घरेलु मैदानमै इतिहास रच्ने मौका छ । घरेलु मैदानमा खेल्न पाउनु भाग्यशाली भएको समेत थापाले बताइन् । 'हामीले लामो समयसम्म पनि होम मैदानमा खेल्न पाएका थिएनौं । अहिलेक टिमले ठूलै प्रतियोगिता खेल्ने सौभाग्य पाएको छ । त्यसमा खुसी पनि लागेको छ' उनले भनिन् ।

यू-१९ महिला टी-२० विश्वकपमा कप्तानी गरेकी पूजा महतो सिनियर टिमको उपकप्तानका रूपमा छन् । विश्वकपमा खेलेको अनुभवसँगै उनको आफ्नै क्षमता पनि अब हुने प्रतियोगितामा महत्वपूर्ण रहनेछ ।

**ब्याटिङमा सुधारको आशा, बलिङमा चिन्ता उस्तै**

नेपाली टोलीले घरेलु मैदानमा हुने ग्लोबल छनोटका लागि केही समयदेखि अभ्यास एवम् प्रशिक्षण गरिरहेको छ । फिटनेस केन्द्रित प्रशिक्षणबाट सुरुवात गरेको नेपाली टोलीले त्यसपछि ब्याटिङ, बलिङ र फिल्डिङका पक्षहरूमा प्रशिक्षण गऱ्यो भने केही टोलीहरूसँग अभ्यास खेल पनि खेल्यो ।

अभ्यास खेलमा गरेको प्रदर्शनबाट नेपाली टोलीको ब्याटिङमा सुधार भएको छनक देखिएको छ । अब मुख्य प्रतियोगितामा पनि यसलाई निरन्तरता दिनुपर्ने हुन्छ ।

नेपालले अमेरिकासँग दुई अनि स्कटल्यान्डसँग एक अभ्यास खेलेको थियो । तीनवटै खेलमा नेपालको ब्याटिङ मजबुत देखिएको थियो । अमेरिकासँगको पहिलो अभ्यास खेलमा १३९ रनको लक्ष्य पूरा गरेको नेपाली टोलीले स्कटल्यान्डसँगको खेलमा १८४ रनको लक्ष्य पछ्याउँदा जवाफमा १५६ रन बनाएको थियो । अमेरिकासँगको अर्को अभ्यास खेलमा नेपालले १५७ रनको लक्ष्य पूरा गरेको थियो ।

पूर्वकप्तान एवम् टोलीको सिनियर खेलाडी रुबिना क्षेत्रीले ब्याटिङमा पहिलेभन्दा सहज महसुस गरिरहेको बताइन् । 'पहिलेभन्दा केही इजी जस्तो फिल भएको छ, सुधार गर्ने प्रयास गरिरहेका छौं । योभन्दा अझै राम्रो पनि गर्नुपर्छ' रुबिनाले भनिन् ।

यद्यपी नेपाली टोलीले रन पनि खर्चिएको छ । फिल्डिङमा पनि पहिलेभन्दा सुधार देखिएको भएतापनि अझै राम्रो गर्नुपर्ने हुन्छ । पूर्वकप्तान थापाले पनि ब्याटिङ राम्रो हुँदाहुँदै बलिङ र फिल्डिङमा केही सुधार आवश्यक रहेको औंल्याइन् ।

'हाम्रो यस्तो हो कि ब्याटरहरू राम्रो हुँदा पनि बलिङमा अलि ल्याक छ र फिल्डिङहरू स्लो हुन्छ । त्यसमा ध्यान दिनुपर्छ । फिल्डरहरू नराम्रो होइन आफ्नो ठाउँमा सबै राम्रो छन् । १०० प्रतिशतमा अली प्लस गर्नुपर्छ त्यसो हुन सके विश्वकप खेल्ने चान्स छ' थापाले भनिन् ।

**आउने पुस्तालाई प्रेरणा**

नेपालको यू-१९ महिला टिमले गतवर्ष विश्वकप खेलेको थियो । अब सिनियर टिम पनि विश्वकप खेल्ने अन्तिम खुड्किलोमा छ ।यो खुड्किलो पार गर्नु महिला क्रिकेटकै उपलब्धि हुनुका साथै आगामी पुस्ताका खेलाडीहरूलाई पनि प्रेरणाका रूपमा हुनेछ । त्यस्तै सन् २०२७ मा हुने महिला टी-२० विश्वकप नेपालले पनि सहआयोजना गर्ने कुरा छ । पूर्वकप्तान थापाले पनि नयाँ जेनेरेसनका खेलाडीहरूलाई यी कुराहरूले धेरै प्रेरित गर्ने बताइन् ।

'पहिला हामी खेल्ने बेला र अहिले धेरै फरक छ । पहिला हामीले यू-१९ खेल्यौं, सिनियर खेल्यौं । पहिला पनि राम्रो नै थियो' उनले भनिन्, 'अहिले यू-१९ टिमले पनि विश्वकप खेल्न पाइरहेको छ । घरेलु मैदानमा हुँदा नेपालको टिमलाई प्लस प्वाइन्ट पनि हुन्छ । खुशीको कुरा पनि हो पहिला भन्दा अहिले उपलब्धि पनि धेरै छ ।'

'आउने जेनेरेसनलाई मोटिभेट गर्छ नि नेपालमा यति ठूलो गेम हुन लागेको छ । जति पनि नयाँ खेलाडीहरु हुनुहुन्छ उहाँहरुलाई पनि खुशी लाग्छ । होम ग्राउण्डमा यी किसिमका प्रतियोगिताहरू हुनु राम्रो हो' उनले भनिन् ।

नेपाली टोलीले छनोट प्रतियोगिताका मुख्य खेलअघि दुई वार्म अप खेल पनि खेल्नेछ । आयरल्यान्ड र अमेरिकासँगको वार्म अप खेलपछि नेपालले समूह चरणमा थाइल्यान्ड, नेदरल्यान्ड्स, स्कटल्यान्ड र जिम्बाबेसँग खेल्नेछ । समूह चरणमा शीर्ष ३ भएर सुपर सिक्समा नेपालले अर्को समूहबाट आएका ३ टोलीहरूसँग प्रतिस्पर्धा गर्नेछ । सुपर सिक्समा शीर्ष ४ मा रहन सके नेपाल विश्रुवकपमा छनोट हुनेछ ।

**नेपालका खेलहरू**

जनवरी १४ :
आयरल्यान्डसँग वार्म अप खेल
जनवरी १६ :
अमेरिकासँग वार्म अप खेल
जनवरी १८ :
थाइल्यान्डसँग समूह चरणको खेल
जनवरी २२ :
नेदरल्यान्ड्ससँग समूह चरणको खेल
जनवरी २४ :
जिम्बाबेसँग समूह चरणको खेल
जनवरी २६ :
स्कटल्यान्डसँग समूह चरणको खेल

*(स्रोत: अनलाइनखबर)*

# दार्जिलिङमा गरियो प्रशान्त तामाङको अन्त्येष्टि






काठमाडौं/गायक तथा अभिनेता प्रशान्त तामाङको अन्त्येष्टि गरिएको छ । आइतबार बिहान कार्डियक अरेस्टका कारण दिल्लीमा निधन भएका उनको मंगलबार जन्मथलो दार्जिलिङको आलुबारीमा तिब्बती बौद्ध परम्पराअनुसार दाहसंस्कार गरिएको हो । उनको अन्त्येष्टिमा पत्नी मार्था एली भावविह्वल देखिएकी थिइन् भने त्यहाँ सयौंको संख्यामा नेपाली भाषीको उपस्थिति रहेको थियो ।

आइतबार दिल्लीको दीनदयाल अस्पतालमा पोस्टमार्टम गरेपछि प्रशान्तको पार्थिव शरीर लाई सोमबार अन्त्येष्टिका लागि जन्मथलो दार्जिलिङ पुऱ्याइएको थियो । दार्जिलिङको चौरास्तामा उनीप्रति श्रद्धाञ्जली अर्पण गर्न हजारौंको उपस्थिति रहेको थियो । श्रद्धाञ्जली सभाका क्रममा एक सांगीतिक समूहले उनका चर्चित गीतहरू प्रस्तुत गर्दै उनीप्रति सम्मान अर्पण गऱ्यो ।

प्रशान्तको निधनप्रति भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले समेत दु:ख व्यक्त गरेका छन् । सोमबार तामाङकी श्रीमती मार्था एलीलाई पठाएको शोक पत्रमा उनले प्रशान्तको निधनले अपूरणीय क्षति भएको भन्दै उनको गायन र अभिनय कलाको प्रशंसा गरेका छन् । यसअघि भारतको पश्चिम बंगालकी मुख्यमन्त्री ममता बनर्जीले पनि प्रशान्तको निधनप्रति दु:ख व्यक्त गरेकी थिइन् ।

४३ वर्षको उमेरमा निधन भएका प्रशान्तले 'मन साइँली', 'जाउँला रेलैमा सरर', 'सिरिमा सिरी बतासै चल्यो', 'अरे क्यानम्', 'रातो रानी', 'असारे महिनामा' जस्ता थुप्रै लोकप्रिय गीत गाएका छन् । उनले मुख्य भूमिकामा अभिनय गरेका 'गोर्खा पल्टन', 'परदेशी' जस्ता फिल्म पनि सफल छन् । उनी पछिल्लो पटक फिल्म 'लडाइँ पहिचानको'मा देखिएका थिए ।

# प्रशान्तको निधनप्रति दु:ख व्यक्त गर्दै नरेन्द्र मोदीले भने- 'यो अपूरणीय क्षति हो'




काठमाडौं/गायक तथा अभिनेता प्रशान्त तामाङको निधनप्रति भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले दु:ख व्यक्त गरेका छन् । उनले आफ्नो हस्ताक्षरसहित तामाङकी श्रीमती मार्था एलीलाई सोमबार पठाएको शोक पत्रमा प्रशान्तको निधनले अपूरणीय क्षति भएको भन्दै उनको गायन र अभिनय कलाको प्रशंसा गरेका छन् ।

उनले पत्रमा लेखेका छन्, 'आफ्नो भावपूर्ण गायकी र उत्कृष्ट अभिनयले प्रशान्त तामाङ जीले मनोरञ्जनको दुनियाँमा आफ्नो लागि एक विशिष्ट स्थान बनाउनुभयो । दृढ सङ्कल्प र विशाल प्रतिभाको प्रतीक उहाँले देशभरका करोडौं मन छुनु भयो । प्रशान्त तामाङजी अनगिन्ती मानिसहरूका लागि प्रेरणाको स्रोत हुनुहुन्छ ।'

प्रशान्तको जीवन यात्राले युवाहरूलाई सपनामा विश्वास गर्न र कडा परिश्रम गर्न प्रेरित गर्ने उल्लेख गर्दै उनले पत्रमा अगाडि लेखेका छन्, 'यस कठिन घडीमा उहाँसँग बिताएका क्षणहरूको सम्झनाले परिवारलाई सान्त्वना प्रदान गर्नेछ । परिवारका सदस्यहरू र उहाँका असंख्य प्रशंसकहरूलाई यो दुखद क्षति सहन सक्ने शक्ति र धैर्य प्रदान होस् ।'

प्रधानमन्त्री मोदीभन्दा अगाडि भारतको पश्चिम बंगालकी मुख्यमन्त्री ममता बनर्जीले पनि प्रशान्तको निधनप्रति दु:ख व्यक्त गरेकी थिइन् । उनले सामाजिक सञ्जालमा प्रशान्तको मधुर स्वर र प्रेरणादायी यात्राले धेरैको जीवनमा छाप छाडेको बताउँदै कुनै समय कोलकाता प्रहरीसँगको सम्बन्धले प्रशान्तलाई बंगालमा विशेष प्रिय बनाएको उल्लेख गरेकी थिइन् ।

प्रशान्तको आइतबार बिहान कार्डियक अरेस्ट (मुटुको विद्युत सम्बन्धी गडबडी)का कारण दिल्लीमा निधन भएको थियो । सोही दिन दिल्लीको दीनदयाल अस्पतालमा पोस्टमार्टम गरेपछि सोमबार उनको पार्थिव शरीरलाई अन्त्येष्टिका लागि जन्मथलो दार्जिलिङ पुऱ्याइएको थियो । उनको मंगलबार आफ्नै गाउँमा सम्मानसहित अन्त्येष्टि गरिँदैछ ।

# इतिहास र आकांक्षाको...

नेपाली कांग्रेस एक सामाजिक लोकतान्त्रिक दल हो । राजनीतिक समानता र सामाजिक न्याय यसका वैचारिक आधारशिला हुन् । मिश्रित अर्थतन्त्रको मोडलमार्फत विकास र न्याय सँगसँगै लाने सङ्कल्प बीपी कोइरालाले गरेका थिए ।

व्यवहारमा भने कांग्रेस बारम्बार चुक्यो । उदारवादको नाममा गरिएका कतिपय निर्णयले धनी र गरिबको खाडल बढायो । समावेशिताको मुद्दामा ढुलमुल देखियो । आजको कांग्रेसमा इतिहासको ओज त छह तर वर्तमानको तेज छैन । नयाँ पुस्ता कांग्रेसको विगत सुनेर मात्र भोट हाल्ने पक्षमा छैन । कार्यसम्पादन र जबाफदेहिताको कसीमा कांग्रेस खारिनुपर्छ ।

विश्वासको सङ्कट गहिरो छ । पुराना दलप्रति जनआक्रोश बढ्दो छ । कांग्रेस पनि यसबाट अछुतो छैन । जेनजी आन्दोलनले स्थापित मान्यता भत्काइदियो । नयाँ राजनीतिक शक्तिको उदयले कांग्रेसको भोट बैंकमा पहिरो जाने खतरा छ । जबाफदेहिता र पारदर्शिताको माग सम्बोधन गर्न नसके पार्टी सङ्कुचनमा पर्नेछ । युवाको नेतृत्व र एजेन्डालाई आत्मसात् गर्न नेतृत्व तयार हुनुपर्छ । यथास्थितिमा रमाउने छुट कांग्रेसलाई छैन । बदलिँदो समाजको पदचाप नसुन्ने दल असान्दर्भिक हुन्छ ।

नेपाली कांग्रेसभित्र 'नियमित महाधिवेशन' र 'विशेष महाधिवेशन' को बहस सतहमा आएको छ । यो केवल प्राविधिक विषय होइनह आन्तरिक लोकतन्त्रको कसी हो । पार्टीभित्र बोल्न पाउने अधिकार कुण्ठित हुनु हुँदैन । कार्यक्रम गर्न पाउने हक सुरक्षित हुनुपर्छ ।

नेतृत्वसँग असहमति राख्नु विद्रोह होइनह लोकतान्त्रिक अभ्यास हो । कांग्रेसले आफ्नो आन्तरिक जीवनमा लोकतन्त्र कति बलियो बनाउँछ भन्ने कुराले राष्ट्रिय राजनीतिमा उसको भूमिका निर्धारण गर्छ । आन्तरिक लोकतन्त्र कमजोर भए बाह्य लोकतन्त्र रक्षा गर्न सकिँदैन । गुटबन्दीले पार्टीको प्राण हर्छ ।

नियमित महाधिवेशन विधानको बाध्यता होह यो समयमै हुनुपर्छ । विशेष महाधिवेशनको मागलाई पनि नेतृत्वले उपेक्षा गर्न मिल्दैन । यो मागभित्र कार्यकर्ताको निराशा र रूपान्तरणको चाहना लुकेको छ । विशेष महाधिवेशनले ताजा आन्तरिक जनादेशको बाटो खोल्छ । नेतृत्वले आँखा बन्द गरेर समस्या समाधान हुँदैन । असन्तुष्ट स्वरलाई सम्बोधन गर्नु राजनीतिक धर्म हो ।

आम कार्यकर्ताको भावना बुझेर अघि बढ्नु बुद्धिमानी ठहरिन्छ । दुवै पक्षलाई एकै ठाउँमा उभ्याउने सामर्थ्य नेतृत्वले देखाउनुपर्छ । निषेधको राजनीति पार्टीका लागि प्रत्युत्पादक हुन्छ ।

समय र परिस्थिति बदलिएको छ । कांग्रेस हिजोको क्रान्तिकारी शक्ति मात्र रहेनह अब 'अभिभावकीय शक्ति' बन्नुपर्छ । जेनजी आन्दोलनपश्चात् मुलुक संक्रमणमा छ । आवेश र उत्तेजनाले मात्र देश चल्दैन । अनुभव र परिपक्वताको खाँचो कांग्रेसले पूरा गर्न सक्छ । सङ्कटको घडीमा निकास दिने सामर्थ्य पुरानो दलसँग हुन्छ । कांग्रेसले आफूलाई युवामैत्री बनाउनु आजको आवश्यकता हो । जेनजीका मुद्दा कांग्रेसका पनि मुद्दा बन्नुपर्छ । प्रविधि, रोजगार र सुशासनलाई मूल एजेन्डा नबनाई सुख छैन । २०२६ को निर्वाचन कांग्रेसका लागि अस्तित्व रक्षाको लडाइँ हो ।

सुधारको सुरुवात आफैंबाट गर्नुपर्छ । पार्टी संरचना चुस्त बनाउनु अनिवार्य छ । भ्रातृ संगठनहरूलाई क्रियाशील बनाउनु पर्छ । नातावाद र कृपावादको घेरा तोड्नुपर्छ । टिकट वितरणमा पारदर्शिता र योग्यताको कदर हुनुपर्छ । पुराना अनुहारले मात्र मतदातालाई आकर्षित गर्न सक्दैनन् । युवा नेतृत्वलाई अगाडि सार्ने हिम्मत गर्नुपर्छ । कांग्रेस रूपान्तरित भए देशको लोकतन्त्र बलियो हुन्छ । पार्टीभित्रको ध्रुवीकरणले विचारको मन्थन गराउँछ । यसले अन्त्यमा लोकतन्त्रलाई नै फाइदा पुग्छ । फरक मतले खारिएको निर्णय परिपक्व हुन्छ ।

भविष्य अनिश्चित छ चुनौती थपिँदैछन् । सुशीला कार्की नेतृत्वको अन्तरिम सरकारले निष्पक्ष चुनाव गराउनेमा शङ्का छैन । दलहरूले नतिजा स्विकार्न मानसिक रूपमा तयार हुनुपर्छ । नयाँ शक्तिहरूले संसद्मा प्रवेश पाउने निश्चित छ । पुराना दल र नयाँ शक्ति मिलेर देश हाँक्नुपर्ने अवस्था आउन सक्छ । सहकार्यको संस्कृति बसाल्नुपर्छ । दम्भ र अहङ्कारले दुर्घटना निम्त्याउँछ । २०२५ को आन्दोलनले दिएको सन्देश स्पष्ट छ: नागरिक सार्वभौम हुन् । दलहरू साधन हुन्ह साध्य होइनन् । जनचाहनाविपरीत चल्ने छुट कसैलाई छैन ।

अन्तत: लोकतन्त्र एक गन्तव्य होइनह अनन्त यात्रा हो । बाटोमा अवरोध आउँछन्ह तिनलाई पन्छाउँदै अघि बढ्नुपर्छ । नेपालको संविधानले कोरेको बाटो फराकिलो छ । कार्यान्वयन गर्ने पात्रहरू सच्चिनु आवश्यक छ । "जेनजी' पुस्ताले बाटो देखाइदिएको छ । पुराना पुस्ताले अनुभवको दीप बाल्नुपर्छ । नेपाली कांग्रेसले यो ऐतिहासिक अवसर चुकाउनु हुँदैन । आन्तरिक किचलो बिर्सेर राष्ट्रिय स्वार्थमा होमिनुपर्छ । २०२६ को निर्वाचनले नेपालको भविष्य कोर्नेछ । लोकतन्त्रको जरा बलियो बनाउन सबैले हातेमालो गर्नुपर्छ । सुसंस्कृत राजनीति र सबल अर्थतन्त्रको जगमा मात्र नेपालको शिर उँचो हुन्छ । परिवर्तन अवश्यम्भावी छ त्यसलाई आत्मसात् गरौँ ।

*(साभार: रातोपाटी)*

## कांग्रेस नेताहरूबीच मिलेन कुरा

काठमाडौं/नेपाली कांग्रेसको विवाद मिलाउन भन्दै भएको छलफल बिना निष्कर्ष टुंगिएको छ ।

मंगलबार दिउँसोदेखि रातिसम्म तीन चरणमा भएको छलफलले निष्कर्ष निकाल्न नसकेको हो । 'आज रातिको छलफल टुंगोमा पुग्ने सकेन । छलफल जारी राख्ने र भोलि बिहानै छलफल सुरु गर्ने भन्ने कुरा भयो,' छलफलमा सहभागी एक नेताले संचारकर्मीसँग भने, 'सभापतिको बहिर्गमनको विषयमा कुरा मिलिरहेको छैन ।'

कार्यवाहक दिएर सभापति शेरबहादुर देउवा उपचारका लागि विदेश जाँदा सबै जिम्मेवारी सुम्पिएर गएको भए पनि फर्किएपछि पुन: सक्रिए भएको विषयमा विशेष महाधिवेशन पक्षरले आपत्ति जनाएको थियो ।

'सभापतिले जेनजी आन्दोलनपछि उपचारका लागि विदेश जाँदा कार्यवाहक दिनुभयो । उहाँको प्रशंशा हामीले पनि गर्यौं । बाहिर पनि भयो भन्नुभयो,' छलफलमा सहभागी अर्का नेताले भने, 'अब भोलि बिहानसम्म टुंगिने आशा गरौँ ।' विशेष पक्षाले महाधिवेशन प्रतिनिधिहरुलाई धेरै दिन काठमाडौं राख्न नसकिने भन्दै भोलि बिहानसम्मको डेड लाइन दिएको बताइएको छ ।

त्रिपक्षीय भनिएको नेताहरुको छलफलमा संस्थापन समूहबाट नेताद्वय बालकृष्ण खाण र रमेश लेखक सहभागी थिए ।

# जोई साल्दाना बनिन् धेरै कमाउने फिल्म कलाकार, बक्सअफिस कमाइ १६.८ अर्ब डलर

काठमाडौं/जोई साल्दाना सबैभन्दा बढी कमाइ गर्ने हलिउड अभिनेत्री बनेकी छन् । जेम्स क्यामरुनको फिल्म 'अवतार : फायर एन्ड एश' को सफलताका कारण उनले यो उपलब्धि हासिल गरेकी हुन् ।

यससँगै उनले स्कारलेट जोहानसनलाई पछि पार्दै नयाँ कीर्तिमान कायम गरेकी छन् । साल्दानाले क्यामरुनको 'अवतार' युनिभर्समा प्रमुख भूमिकामध्ये एक निर्वाह गरेकी छन् । हालै प्रदर्शनमा आएको 'अवतार ३' को सफलतासँगै उनले बक्सअफिसमा यो कीर्तिमान हासिल गरेकी हुन् । उक्त फिल्मले विश्वभर १.२३ अर्ब अमेरिकी डलर कमाइ गरेको छ ।



साल्दानाले सन् २००९ मा रिलिज भएको 'अवतार' मा नेयतिरीको भूमिका निर्वाह गरेकी थिइन्, जुन हालसम्मकै सबैभन्दा धेरै कमाइ गर्ने फिल्म हो । त्यसपछि उनले सन् २०२२ मा 'अवतार : द वे अफ वाटर' मा पनि यही भूमिका पुन: निर्वाह गरेकी थिइन् ।

स्क्रिन र्‍यान्टका अनुसार, आफ्नो पछिल्लो ब्लकबस्टर फिल्मको सफलतासँगै साल्दानाले बक्सअफिसमा १६.८ अर्ब अमेरिकी डलरभन्दा बढी कमाइ गर्दै मार्वल सिनेम्याटिक युनिभर्सकी सह-अभिनेत्री स्कारलेट जोहानसनलाई उछिनेकी हुन् ।

यसअघि 'जुरासिक वर्ल्ड : रिबर्थ' को प्रदर्शनपछि स्कारलेट जोहानसन १६.४ अर्ब अमेरिकी डलर कमाइका साथ पहिलो स्थानमा पुगेकी थिइन् । शीर्ष पाँचमा पर्ने अन्य कलाकारमा जोई र स्कारलेटका मार्वल सिनेम्याटिक युनिभर्सका सह-अभिनेताहरू सामुएल एल. ज्याक्सन, रोबर्ट डाउनी जुनियर र क्रिस प्राट रहेका छन् ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
*The complete office solution*
*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

# घरेलु उद्योगको सम्बर्द्धन प्रदेश सरकारको प्राथमिकतामा: मन्त्री बादे

साझाकुरा संवाददाता

हेटौंडा, २९ पुस/ बागमती प्रदेशका सामाजिक विकास मन्त्री कञ्चनचन्द्र बादेले साना एवम् घरेलु उद्योगको सम्बर्द्धन प्रदेश सरकारको प्राथमिकतामा रहेको बताएका छन् ।

मकवानपुर महिला उद्यमी व्यवसायी संघको १२ औं वार्षिक साधारणसभा एवम् चौथो अधिवेशनको मंगलबार उद्घाटन गर्दै उनले प्रदेश सरकारले आफनो अधिकारक्षेत्रभित्र रहेर साना एवम् घरेलु उद्योगको विकासको लागि आवश्यक नीतिगत व्यवस्था गर्ने बताए । उद्योग सञ्चालनलाई सहज बनाउन कानुनी जटिलतालाई खुकुलो बनाइने उनले प्रतिबद्धता व्यक्त गरे । मन्त्री बादेले महिला सशक्तिकरणको लागि गर्नुपर्ने समयसापेक्ष कामको विषयमा सरोकारवालासँग छलफल गरिने उल्लेख गरेका छन् ।



सात प्रदेशमध्ये बागमती नेतृत्वदायी प्रदेश रहेको बताउँदै उनले मन्त्रालयले गर्ने प्रशिक्षण कार्यक्रमलाई एकीकृत गर्न प्रदेश सिटिईभिटीमार्फत कामहरु गरिरहेको जानकारी गराए । महिला उद्यमीलाई व्यवसायिक रुपमा अगाडि बढाउन सरकार तयार रहेको उनले बताए । मन्त्री बादेले महिला उद्यमीको सफलतालाई नै प्रदेश सरकारले आफ्नो सफलता ठान्ने जिकिर गरे ।

कार्यक्रममा मकवानपुर उद्योग वाणिज्य संघका अध्यक्ष प्रमोदसिंह रानाभाटले सडक विस्तारको क्रममा भत्काइएका संरचनाको कारण हेटौंडाका व्यवसायी समस्यामा रहेको बताएका छन् ।


सडक विस्तारको क्रममा उद्योग वाणिज्य संघ मौन नबसेको बताउँदै अध्यक्ष रानाभाटले स्थानीय सरकारदेखि प्रदेश सरकारसम्म पनि व्यवसायीको कुरा आफूले राखेको दाबी गरे । बैकिङ कर्जा तिर्न नसकेका व्यवसायीलाई संरक्षण गर्न राष्ट्र बैंकका गभर्नरसँग पनि छलफल गरेको उनले बताए । कार्यक्रममा संघले बागमती प्रदेशकी मुख्य न्यायाधीवक्ता अप्सरा बस्नेत र हिरण्य नेपालका अध्यक्ष एवम् पहिलो महिला फिफा रेफ्री कल्पना शर्मालाई सम्मान गरेको छ ।

त्यसैगरी आकर्षण ब्युटिपार्लर एण्ड ट्रेनिङ सेन्टरकी गमला (अस्मिता) राजभण्डारी, न्यु गृहणी स्टोर्सका हरिदेवी श्रेष्ठ र माँ बैष्णोदेवी मसला उद्योगकी निर्मला शर्मालाई प्रशंसापत्र प्रदान गरिएको थियो । कार्यक्रममा बागमती प्रदेश प्राविधिक तथा व्यवसायिक शिक्षा एवम् तालिम परिषद्की कार्यकारी निर्देशक शान्ति लामा, नेपाल उद्योग वाणिज्य महासंघका कार्यकारी सदस्य राजकुमार न्यौपाने, बागमती प्रदेश चेम्बर अफ कमर्शका अध्यक्ष सिद्धिलाल श्रेष्ठ, मानव अधिकार संगठनकी अध्यक्ष शर्मिला श्रेष्ठ, १० नं. वडासदस्य गोमा सुनार, ओम बृद्धाश्रमका अध्यक्ष सिद्धिलाल श्रेष्ठ लगायतको आतिथ्यता रहेको थियो । संघमा हाल ८३ जना क्रियाशील सदस्य छन् ।

**अध्यक्षमा कविता श्रेष्ठ सर्वसम्मत चयन**

अधिवेशनले कविता श्रेष्ठको अध्यक्षतामा ११ सदस्यीय नयाँ कार्यसमिति सर्वसम्मत चयन गरेको छ । कार्यसमितिको उपाध्यक्षमा वाणिज्यतर्फ अप्सरा मानन्धर र उद्योगतर्फ मनु लामा, सचिवमा निर्मला शर्मा, सहसचिवमा मल्लिका श्रेष्ठ, कोषाध्यक्षमा आशिका श्रेष्ठ चयन भएका छन् भने सदस्यहरुमा सोनी गुरुङ, कृष्णमाया श्रेष्ठ, उर्मिला शर्मा बर्तौला, कमला श्रेष्ठ र हरिदेबी श्रेष्ठ रहेका छन् । नयाँ समितिको कार्यकाल ३ वर्षको हुनेछ ।

# १५ देखि १९ वर्ष समूहका प्रत्येक चारमध्ये एकजना विद्यालय बाहिर



साझाकुरा संवाददाता

हेटौंडा, २९ पुस/राष्ट्रिय तथ्यांक कार्यालयले जनगणनाका नतिजा र जनगणना सञ्चालनसँग सम्बन्धित विषयगत दुईवटा प्रतिवेदन सार्वजनिक गरेको छ ।

मंगलवार कार्यालयमा एक कार्यक्रमकाबीच 'नेपालमा शिक्षा र समावेशिता' तथा 'नेपालमा बालबालिकाको अवस्था' विषयक प्रतिदेन सार्वजनिक गरिएका हुन् । प्रतिवेदनअनुसार पाँच वर्षको उमेर पछि विद्यालय जाने दर उच्च भएपनि माध्यमिक तहपछि विद्यालयमा उपस्थितिको दर न्युन देखाएको छ । अझैपनि १५-१९ वर्ष उमेर समूहका प्रत्येक चार जनामध्ये एकजना विद्यालयभन्दा बाहिर रहेको कार्यालयद्वारा सार्वजनिक प्रतिवेदनमा उल्लेख गरिएको छ ।

प्रतिवेदनअनुसार २०६८ सालदेखि २०७८ सालसम्मको १० वर्षको अवधीमा साक्षरता दर १६ प्रतिशतले वृद्धि भएको छ । १८ वर्षमुनिका बालबालिकाको दर लगभग शतप्रतिशत पुगेको कार्यालयद्वारा सार्वजनिक गरिएको प्रतिवेदनमा उल्लेख छ । प्रादेशिक रुपमा बागमती र गण्डकी प्रदेशको साक्षरता दर सबैभन्दा धेरै ९५ प्रतिशत रहेको छ । बालबालिका सम्बन्धी प्रतिवेदन अनुसार नेपालमा कुल ९८ लाख ६९ हजार ५८३ बालबालिका रहेका छन् जुन कुल जनसंख्याको ३४ प्रतिशत हो ।

प्रादेशिकरुपमा बालबालिकाको संख्यामा गहिरो असमानता देखिएको छ । मधेश र लुम्बिनी प्रदेशमा बालबालिकाको उपस्थिति तुलनात्मक रुपमा उच्च छ भने कोशी र गण्डकी प्रदेशमा न्युन रहेको प्रतिवेदनमा उल्लेख छ । प्रतिवेदनले बालबालिकाको आर्थिक गतिविधि, अपाङ्गता, जन्मदर्ता, बसाईँसराइ र पारिवारिक संरचनासम्बन्धी सूचकमा उल्लेखनीय प्रादेशिक भिन्नता रहेको देखाएको छ । केही प्रदेशमा बालश्रम, अपाङ्गता भएका बालबालिकाको अनुपात र जन्मदर्ताको अवस्था चिन्ताजनक रहेको प्रतिवेदनको निष्कर्ष छ ।

# प्रहरीको मिलेमतोमा २९ वटा नक्कली दुर्घटना खडा गर्दै बीमाको ८१ लाख ठगी

काठमाडौं/प्रहरी कर्मचारीकै मिलेमतोमा नक्कली दुर्घटना खडा गरेर करिब एक करोड रुपैयाँ बराबर ठगी गरेको पाइएको छ । प्रहरी वृत्त नयाँ बानेश्वरले एक अनुसन्धानका क्रममा प्रहरी कर्मचारीकै मिलेमतोमा कीर्ते कागजात खडा गर्दै नक्कली दुर्घटना देखाएर बीमा वापतको रकम ठगी गरेको खुलेको छ ।




यो प्रकरणको अनुसन्धान गरेर जिल्ला सरकारी वकिल कार्यालय काठमाडौंले जिल्ला अदालत काठमाडौंमा मुद्दा दायर गरेको छ । प्रहरी, बीमाका कर्मचारीदेखि चालक, गाडी धनी समेतका व्यक्ति गरी ३१ जनाविरुद्ध कीर्ते र ठगीको कसुरमा मुद्दा दायर भएको छ । न्यायाधीश ईश्वरीप्रसाद भण्डारीको इजलासमा प्रतिवादीको बयान चलिरहेको छ । बयान सकिएपछि थुनछेक बहस हुनेछ । त्यसपछि साधारण तारेख वा धरौटीमा रिहा तथा पुर्पक्षका लागि कारागार चलाउने मध्ये एक आदेश आउने छ ।

**१ पक्राउ, प्रहरी-बीमाका कर्मचारीसहित ३० फरार**

यो प्रकरणमा ३१ जनालाई प्रतिवादी बनाइए पनि पर्साको ठोरी गाउँपालिका-१० घर भएका ४४ वर्षीय हरि बुढाथोकी मात्रै पक्राउ परेका छन् । उनलाई १ पुसमा जडिबुटीबाट प्रहरी वृत्त नयाँ बानेश्वरले पक्राउ गरेको थियो । उनै पक्राउ परेपछि यो प्रकरणको अनुसन्धान सुरु भएको थियो । उनको साथबाट त्यतिबेला नक्कली दुर्घटना खडा गरिएको कागजात समेत प्रहरीले बरामद गरेको थियो ।

बुढाथोकी पक्राउ परेपनि यो प्रकरणका ३० प्रतिवादी भने फरार छन् । प्रहरी वृत्त नयाँ बानेश्वरमा कार्यरत प्रहरी हवल्दार तथा दोलखाको कालिन्चोक गाउँपालिका-६ घर भएका ४० वर्षीय ध्रुव शाही समेत फरार छन् । अन्य फरारहरुमा काठमाडौंकै बा १५ प ९६५० नम्बरको सवारीका धनी ३२ वर्षीय सुसन घिमिरे, बाराको निजगढ घर भएका प्रदेश-३-०२-०१० प २२८० नम्बरको सवारीका धनी मनोज कुमार आचार्य, ललितपुर घर भएका बागमती प्रदेश-०२-०५० प ५८०९ नम्बरको सवारीका धनी गंगा महर्जन, ललितपुर नै घर भएका बागमती प्रदेश-०२-०५० प ५८०९ नम्बरको सवारीका धनी कुलबहादुर महर्जन, ललितपुर नै घर भएका बागतमती प्रदेश-०२-०२१ प ६४७८ नम्बरको सवारीका धनी २९ वर्षीय प्रवीन महर्जन, ललितपरकी २९ वर्षीया निरुसा महर्जन फरार छन् ।

बा ४८ प ३८७१ नम्बरको सवारीका धनी विनोद डंगोल, ललितपुरका ३० वर्षीय पुकार महर्जन, ललितपुरका ३६ वर्षीय निरोज महर्जन, काठमाडौंका ४२ वर्षीय सुशील अर्याल, सिन्धुपाल्चोकका ४७ वर्षीय दयानाथ धिताल, पर्साका २९ वर्षीय जबिर हुसेन अन्सारी, पर्साकै २७ वर्षीय सृजन पाण्डे, काठमाडौं गोठाटारका हरिप्रसाद गौतम, सोलुखुम्बुका सुदीप कार्की, गुल्मीकी २७ वर्षीया सुमित्रा अर्याल पनि फरार छन् ।

सिन्धुपाल्चोककी २५ वर्षीया प्रजुना भण्डारी, गोठाटारका ३३ वर्षीय जयराम चापागाईं, सिन्धुपाल्चोकका ४२ वर्षीय रोमश्वर भण्डारी, पर्साका निरबहादुर भण्डारी, दोलखाका शिव खड्का, गौरीबहादुर बुढाथोकी, खिनबहादुर थपलिया, उर्मिला थापा, सफल सुवेदी पनि फरार छन् । रामेछापका लक्ष्मण तामाङ, काठमाडौंका पवन भट्ट, दोलखाका रामबहादुर कार्की, नेपाल माइक्रो इन्सुरेन्स फाइनान्सका कर्मचारी ललितपुर घर भएका विकेश कुँवर पनि फरार छन् ।

**इन्स्पेक्टरको हस्ताक्षर कीर्ते गर्दै बन्थ्यो दुर्घटनाको रिपोर्ट**

सवारी दुर्घटना भएपछि बीमा वापतको रकम पाउन अनिवार्य प्रहरी रिपोर्ट चाहिन्छ । नक्कली दुर्घटना खडा गर्दा प्रहरी रिपोर्ट नबन्ने भएपछि प्रहरी इन्स्पेक्टरकै हस्ताक्षर कीर्ते र प्रहरी कार्यालयको लेटरहेड समेत कीर्ते गरेको पाइएको छ । यसरी प्रहरीको लेटरहेड र इन्स्पेक्टरको हस्ताक्षर कीर्ते गर्दै धमाधम नक्कली दुर्घटना खडा गरेर रकम निकालेको पाइएको छ । नक्कली कागजात खडा गरी २९ वटा नक्कली दुर्घटना देखाएर २७ वटा दुर्घटनाको बीमा वापतको र कम दिएको पाइएको जिल्ला प्रहरी परिसर काठमाडौंका एसएसपी रमेश थापाले बताए ।

उनका अनुसार २७ वटा नक्कली दुर्घटनाबाट बीमा वापतको ८१ लाख रुपैयाँ बुझेर ठगी गरेको पाइएको छ । अहिले हिरासतमा रहेका हरि बुढाथोकी २०५६ सादेखि गाडी चलाउँदै आएका व्यक्ति हुन् । उनको बा २ ख ७८१४ नम्बरको मिनिबस समेत छ । अहिले उक्त बसमा चालक राखेर उनले चलाउँदै आएका छन् ।

यही क्रममा उनको करिब एक वर्षअघि नेपाल माइक्रो इन्स्योरेन्सका कर्मचारी विकेश कुँवर सँग इन्स्योरेसन्सकै शिलशिलामा चिनजान हुन्छ । प्रहरी स्रोतका अनुसार त्यसपछि यी दुईले नक्कली दुर्घटना खडा गरेर बीमाको रकम हत्याउने योजना बनाउँछन् ।

पक्राउ परेका हरिको बयानअनुसार उनका काम सवारी धनी खोज्ने र सवारीको व्यस्थापन गर्ने हुन्छ । अनि प्रहरी रिपोर्ट बनाउने पुलिसको खोजी हुन्छ । सोही क्रममा उनीहरु अहिले फरार रहेका नयाँ बानेश्वर वृत्तका हवल्दार ध्रुव शाहीको सम्पर्कमा पुग्छन् ।

अनि यसरी पेश भएका कागजातका आधारमा बीमा कर्मचारी कुँवरले रकम निकासाका लागि अनुमति दिने काम गरेको देखिएको प्रहरीले बताएको छ । त्यसपछि उनीहरु नक्कली दुर्घटना खडा गर्दै बी एण्ड सी मा उपचार गराएको देखाउने र बीमा रकमका लागि प्रहरी रिपोर्ट समेत बनाउँदै पेश गरेर रकम निकाल्ने गरेको देखिएको प्रहरीले बताएको छ ।

यसका लागि उनीहरुले १ वैशाख २०८१ देखि ३० भदौ २०८२ सम्म नयाँ बानेश्वरमा कार्यरत इन्स्पेक्टर श्याम खनाल, बरिष्ठ सई रामहरि कार्कीको हस्ताक्षर कीर्ते गरेको पाइएको छ । यसरी प्रहरीको लेटरहेडदेखि हस्तारक्षसम्म कीर्ते गरेको पाइएको प्रहरीले बताएको छ । उनीहरुलाई ८१ लाख ठगीको बिगो कायम गर्दै ठगी र लिखतसम्बन्धी कसुरमा मुद्दा चलाइएको छ ।

*(स्रोत: अनलाइनखबर)*

# नक्कली 'वर्क पर्मिट' देखाएर उठाएका थिए करोडौं रकम

काठमाडौं/एक कन्सल्टेन्सीले नक्कली 'वर्क पर्मिट' देखाएर युवालाई बुल्गेरिया र क्रोएसिया पठाउन पैसा उठाएर ठगी गरेको पाइएको छ । काठमाडौं कोटेश्वरस्थित 'कोज्मो एजुकेसन कन्सल्टेन्सी' ले चार महिनाभित्र रोजगारीका लागि बुल्गेरिया र क्रोएसिया पठाइदिने भन्दै नक्कली वर्क पर्मिट देखाएर ठगी गरेको पाइएको हो ।

हालसम्म करिब १ सय जनाले त्यसरी ठगिएको भन्दै वैदेशिक रोजगार विभागमा उजुरी दिएका छन् । त्यसरी ठगिनेमा करिब ३ सय हाराहारी रहेको अनुमान छ । बुझन आउनेलाई कार्यालयका कर्मचारीले सुरुमा प्रहरी रिपोर्टमा दूतावासको छाप लगाउन भन्दै २५ हजार रुपैयाँसम्म लिएका थिए । त्यति रकम बुझाएपछि कन्सल्टेन्सीले वर्क पर्मिट दिएको थियो ।

तर, उक्त वर्क पर्मिट नक्कली थियो । जबकि, वर्क पर्मिट पाएकाले यसअघि बुल्गेरिया तथा क्रोएसिया गएर काम गरिरहेकालाई समेत देखाएका थिए । उनीहरूले समेत 'यस्तै हुन्छ' भन्ने जवाफ दिएपछि उनीहरूले थप पैसा दिएका थिए । त्यही नक्कली वर्क पर्मिट देखाएर १ लाखदेखि २ लाख ८५ हजार रुपैयाँसम्म बुझाएको पाइएको हो ।

रामेछापका राजेश कार्कीले वर्क पर्मिट दिएको र त्यो अन्यत्र पनि बुझ्दा नक्कली होइन भन्ने भएपछि थप पैसा दिएको बताए । वर्क पर्मिट आएपछि आफूले मेडिकल गर्न २ लाख ३५ हजार बुझाएको उनको भनाइ छ । त्यसरी कन्सल्टेन्सी नै खोलेर ठगी गर्नेका मास्टरमाइन्ड हुन्- सर्लाही बहमपुरी गाउँपालिका-१ का ४५ वर्षीय लालबाबु राम ।

उनले कोटेश्वरमा 'कोज्मो एजुकेसन कन्सल्टेन्सी' खोलेर ठगी गर्दै आएको पाइएको हो । चार महिनादेखि युवासँग पैसा असुलेर ठगी गर्दासमेत राज्यका नियामक निकायले पत्तो पाएनन् । लालबाबुको मास्टरमाइन्ड यतिमै सीमित थिएन । उनले चाबहिलमा समेत अर्को कन्सल्टेन्सी खोलेर बुल्गेरिया र क्रोएसिया पठाउने भन्दै करोडौं असुल गरेको पाइएको छ । उनकै नाममा चाबहिलमा 'क्रिएटिभिटी एजुकेसन कन्सल्टेन्सी' मार्फत समेत वैदेशिक रोजगारीमा पठाउने भन्दै करोडौं उठाएको पाइएको हो ।

त्यहाँबाट समेत ठगिने पीडित सम्पर्कमा आउन थालेका छन् । अहिलेसम्म करिब २० जना ठगिएको भन्दै सम्पर्कमा आएका छन् । त्यसरी सम्पर्कमा आएका करिब १ सय हाराहारी छन् । उनीहरूलाई समेत बुल्गेरिया र क्रोएसिया पठाउने भनेर पैसा लिइएको थियो । क्रोएसिया र बुल्गेरिया पठाउने भन्दै संस्थाको नाम परिवर्तन गरेर लालबाबुले धेरै जनाबाट लाखौं लिएर सम्पर्कविहीन भएको पाइएको हो । त्यसरी करोडौं उठाएर दुवै कन्सल्टेन्सीबाट लालबाबु गायब भएका छन् । अहिले प्रहरीले दुई कर्मचारी पक्राउ गरेको छ । पक्राउ पर्नेमा कैलाली टिकापुरकी २१ वर्षीया हिमा नायक र इलाम माईजोगमाईकी २३ वर्षीया आस्था खड्का छन् । पक्राउ परेका दुवै जनाका अभिभावक सम्पर्कमा आएर पीडितसँग भेटेका छन् । भेटमा आफूहरूको आर्थिक अवस्था एकदमै कमजोर रहेको र छोरीहरूले नै कमाएर पैसा पठाएपछि घर खर्च चल्ने गरेको बताएका थिए ।

आस्थाको बुबाले 'म साधारण किसान हुँ गाउँको' भनेका थिए । हेमाका बुबाले आफू सुकुम्बासी भएको र घरजग्गा केही पनि नभएको बताएका थिए । छोरीले नै कमाएको पैसाले रासन र घरभाडा तिर्ने गरेको उनको भनाइ थियो । उनीहरू दुवै जना नै कन्सल्टेन्सीमा बसेर बुझ्न आउनेलाई काउन्सिलिङ गर्नेदेखि लिएर पैसा बैंकमा डिपोजिट गर्न कामसमेत लगाउने गरेका थिए ।

लालबाबुले कन्सल्टेन्सी मार्फत बुल्गेरिया पठाइदिने भन्दै ७ देखि १० लाख रुपैयाँ लाग्ने भनेर पैसा उठाएका थिए । नक्कली वर्क पर्मिट देखाएर उनले १ देखि २ लाख ८० हजारसम्म लिइसकेका थिए । उनी कहिल्यै कन्सल्टेन्सी नगए पनि दुवै कर्मचारी मार्फत कन्सल्टेन्सीको खातामा पैसा जम्मा गर्न लगाउने गरेका थिए । अफिसमा रहेकी हिमाले नै आफू म्यानेजर भएको र सबै जिम्मा आफ्नै भएको भन्दै सबै काम गर्दै आएकी थिइन् ।

वैदेशिक रोजगार विभागले कन्सल्टेन्सी मार्फत ठगीमा परेकाको उजुरी व्यक्तिगत ठगी अन्तर्गत दर्ता गरेको छ । सोही अनुसार अनुसन्धान हुने विभागले जनाएको छ । विभागका उपमहानिर्देशक तथा प्रवक्ता चन्द्रबहादुर शिवाकोटीले म्यानपावर कम्पनी बाहेक अन्यका हकमा व्यक्तिगत ठगीमा अनुसन्धान हुने गरेको बताए । 'उजुरी आउने क्रम जारी छ, सबैको उजुरी व्यक्तिगत ठगी अन्तर्गत अनुसन्धान हुन्छ,' शिवाकोटीले भने । पक्राउ परेका दुवै कर्मचारीले करिब ३ सय जनाबाट त्यसरी नै पैसा उठाएको बताएका छन् । पक्राउ परेपछि प्रहरीले बयान लिने क्रममा बुल्गेरिया र क्रोएसिया पठाउने भन्दै करिब ३ सय जनाबाट १५ देखि १८ करोड जति पैसा उठाइएको बताएका थिए ।

*(स्रोत: अनलाइनखबर)*

## हेटौंडा-कुलेखानी-काठमाडौं रुटका चालकले लागूऔषध सेवन गरी सवारी चलाउँदै

# १११ चालकको परीक्षणमा ११ जनामा लागूऔषध सेवन पुष्टि

साझाकुरा संवाददाता

हेटौंडा, २९ पुस/ हेटौंडा-कुलेखानी-काठमाडौं रुटमा चल्ने सबारीसाधनका चालकले लागुऔषध सेवन गरेर सबारी चलाउँदै आएको तथ्य सार्बजनिक भएको छ ।

मंगलबार भीमफेदी अस्पतालका चिकित्सक प्रबीण पाठकसहितको टोलीले एक सय ११ जना सबारीचालकको पिसाब परीक्षण गर्दा ११ जना चालकले लागुऔषध सेवन गरेको तथ्य खुलेको हो । जिल्ला ट्राफिक प्रहरी कार्यालय मकवानपुर, ईलाका प्रहरी कार्यालय भीमफेदी, जिल्ला जनस्वास्थ्य कार्यालय हेटौंडा, सबारी यान्त्रिक परीक्षण कार्यालय हेटौंडा समेतको संयुक्त चेकजाँचका क्रममा सबारी चालकले लागुऔषध सेबन गरेको पुष्टी भएको हो ।



११ जनामध्ये ९ जना सार्बजनिक यातायातका चालक रहेको ईलाका प्रहरी कार्यालय भीमफेदीका प्रहरीनिरीक्षक सन्त श्रेष्ठले बताए । ६ जना सुमोचालक र ३ जना ईभी गाडी चालक हुन् । अन्य २ जना फलफूल र माछा बोक्ने सबारी साधनका चालक हुन् । पाहाडीक्षेत्रको घुमाउरो र सांघुरो सडकमा दुर्घटना हुने क्रम बढेपछि ट्राफिक प्रहरीको समन्वयमा सबारी साधन र चालकको परीक्षण सुरु गरिएको हो । गत पुस २० गते भीमफेदी गाउँपालिका वडा नम्बर ६ स्थित जुरिखेतमा काठमाडौबाट हेटौंडातर्फ आउँदै गरेको ना १ ज १७७८ नम्बरको टाटा सुमो दुर्घटना हुंदा ६ जना यात्रुको मृत्यु भएको थियो ।

यो दुर्घटनामा ३ जना घाइते भएका छन् । घाइतेको अहिले उपचार जारी छ । यात्रुको जीउधनलाई असुरक्षित पार्दै लापरबाहीपूर्ण तरिकाले सबारी चलाउने चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ । उनीहरुलाई कारबाही प्रक्रिया अघि बढाउने तयारी भएको जिल्ला ट्राफिक प्रहरी कार्यालय मकवानपुरका प्रहरीनिरीक्षक बच्चुराम फुंयालले बताए ।

# शेयरपुँजी १९ लाख पुऱ्याउने सुखीभविष्यको लक्ष्य

साझाकुरा संवाददाता

हेटौंडा, २९ पुस/ मकवानपुरको थाहा नगरपालिकास्थित सुखीभविष्य बचत तथा ऋण सहकारी संस्था लिमिटेडको १६ औं वार्षिक साधारणसभा सम्पन्न भएको छ ।



साधारणसभा संस्थाका अध्यक्ष सुरेन्द्रमान प्रधानको अध्यक्षता तथा थाहा नगरउपप्रमुख भरत गोपालीको प्रमुख आतिथ्यतामा सम्पन्न भएको हो । अध्यक्ष प्रधानले आगामी वर्षका लागि नीति तथा कार्यक्रम प्रस्तुत गर्दै संस्थाको शेयर पुँजी १९ लाख रुपैयाँ पुऱ्याई आगामी आर्थिक वर्षमा ५ प्रतिशतले वृद्धि गर्ने लक्ष्य रहेको जानकारी दिए । मासिक बचतलाई प्राथमिकतामा राख्दै न्यूनतम मासिक १ हजार रुपैयाँ बचत अनिवार्य गरिने र सदस्यलाई सहकारीशिक्षा प्रदान गर्ने कार्यक्रम सञ्चालन गरिने बताए ।

सभामा कोषाध्यक्ष बिक्रम श्रेष्ठले आर्थिक वर्ष २०८१/८२ को प्रतिवेदन प्रस्तुत गर्दै हाल संस्थाको ऋण लगानी ७४ लाख ७१ हजार रुपैयाँ र बचत हिसाब ७९ लाख ४२ हजार रुपैयाँ पुगेको जानकारी दिए । त्यस्तै सचिव बिक्रम केसीले प्रस्तुत गरेको प्रतिवेदनअनुसार संस्थामा हाल १ हजार ४ सय ९७ जना सदस्य आबद्ध छन् । संस्थाले आगामी दिनमा सक्रिय र निष्क्रिय सदस्य पहिचान गरी व्यवस्थापन गर्ने जनाएको छ । साधारणसभाका अवसरमा उत्कृष्ट कारोबार गर्ने सदस्यलाई सम्मान गरिएको थियो । नियमित बचततर्फ सुजता थापा, साधारणतर्फ सन्तबहादुर पोडे, स्वस्थानी खड्का, राम गोतामे, मनिषा प्रधान र बिमला मल्ललाई सम्मान प्रदान गरिएको हो । ज्येष्ठसदस्य राजेन्द्र थापालाई प्रमुखअतिथि गोपालीले विशेष सम्मान प्रदान गरे ।

कार्यक्रममा प्रमुख अतिथि गोपालीले सहकारीको हित र सफलताको शुभकामना व्यक्त गर्दै सदस्यको आर्थिक तथा सामाजिक हितका लागि सहकारीले निरन्तर काम गर्नुपर्नेमा जोड दिए । सभाले सहकारीलाई अझ सुदृढ, पारदर्शी र सदस्यमुखी बनाउँदै लैजाने प्रतिबद्धता व्यक्त गर्दै कार्यक्रम सम्पन्न भएको सचिब केसीले जानकारी दिए ।

साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना